# नौगाड गाउँपालिका दार्चुला

# आर्थिक वर्ष २०८३।८४ को
# वार्षिक नीति तथा कार्यक्रम

२०८३ असार ८ गते

गाउँसभा सदस्यहरू

“समृद्ध नौगाड, सुखी नौगाडबासी‌‌” भन्ने दीर्घकालीन सोच, सुशासन, सामाजिक न्याय, समृद्धि र उत्तरदायी स्थानीय शासनको लक्ष्यका साथ नौगाड गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनमा सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, सञ्चारकर्मी, सुरक्षाकर्मी, विकास साझेदार संस्थाका प्रतिनिधिहरू तथा सम्पूर्ण आमन्त्रित महानुभावहरूमा हार्दिक स्वागत तथा शुभकामना व्यक्त गर्दछु।

सर्वप्रथम राष्ट्रहित, राष्ट्रिय एकता, लोकतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय, समावेशिता तथा नागरिक अधिकारको स्थापना र संरक्षणका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन, महिला अधिकार आन्दोलन, दलित मुक्ति आन्दोलन तथा अन्य लोकतान्त्रिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

साथै, सुशासन, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण, विधिको शासन तथा नागरिक अधिकारको पक्षमा पछिल्लो समय देशव्यापी रूपमा उठेका युवाआवाज तथा युवा नेतृत्वको नागरिक जागरण तथा जेन्जी आन्दोलनका क्रममा ज्यान गुमाउनु भएका सम्पूर्ण युवा शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूको योगदानलाई लोकतान्त्रिक चेतना, सुशासन र उत्तरदायी शासन व्यवस्थाको स्थापनाका लागि गरिएको महत्वपूर्ण बलिदानका रूपमा उच्च सम्मान व्यक्त गर्दछु। त्यसैगरी विभिन्न आन्दोलन तथा संघर्षका क्रममा घाइते, बेपत्ता, पीडित तथा प्रभावित नागरिकहरूप्रति गहिरो सम्मान प्रकट गर्दछु।

आजको युवा पुस्ताले उठाएको सुशासन, पारदर्शिता, नैतिक नेतृत्व, योग्यताको सम्मान, सार्वजनिक उत्तरदायित्व, डिजिटल शासन तथा भ्रष्टाचारमुक्त राज्य व्यवस्थाको माग नेपाली समाजलाई थप सचेत, उत्तरदायी र लोकतान्त्रिक बनाउने सकारात्मक शक्ति हो भन्ने हाम्रो विश्वास रहेको छ। लोकतन्त्रको वास्तविक सार नागरिकको आवाजप्रति सम्मान, सार्वजनिक संस्थाप्रति विश्वास र जवाफदेही शासन व्यवस्थामा निहित रहेको आभास गरेका छौं।

यसै सन्दर्भमा नौगाड गाउँपालिकाका जनताको आकांक्षा र भावनालाई आत्मसात गर्दै “भ्रष्टाचारप्रति शून्य सहनशीलता, सेवामा पारदर्शिता, निर्णय प्रक्रियामा सहभागिता र विकासमा पूर्ण उत्तरदायित्व‌‌” को सिद्धान्तलाई मार्गदर्शक मान्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं । हामी सुशासनलाई केवल नीतिगत विषयका रूपमा नभई जनविश्वास प्राप्त गर्ने आधारभूत शर्तका रूपमा पनि ग्रहण गर्दछौं।

नेपालको संविधान बमोजिम राज्य पुनः संरचना पश्चात् स्थानीय तहको दोस्रो कार्यकालको पहिलो आर्थिक वर्ष २०७९।८०, आर्थिक वर्ष २०८०।८१, आर्थिक वर्ष २०८१।८२ र चालु आर्थिक वर्ष २०८२।८३ मा तय गरिएका नीति तथा कार्यक्रम पर्याप्त स्रोत र साधनको अभावका कारण पूर्णरूपमा कार्यान्वयन गर्न नसकिएको अवस्था रह्यो । सुन्दर, समुन्नत, सभ्य र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो दृढ संकल्प र गाउँपालिकाबासीको समृद्धिको चाहना पूरा गर्ने दिशामा आगामी आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

दिगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु अनुकूलन, दिगो स्थानीय आर्थिक विकास मार्फत **"समृद्ध नौगाड र सुखी नौगाडबासी"** जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकासका गतिविधि सञ्चालन गरिनेछ । गाउँपालिकालाई सुशासन, दिगो स्थानीय विकास र सेवा प्रवाहका क्षेत्रमा उत्कृष्ट बनाउन स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्टता हासिल गर्दै गाउँपालिकाको प्रशासनिक तथा संगठनात्मक संरचनालाई थप सुदृढ बनाउँदै गाउँपालिकाको बेरूजू र वित्तीय अनियमिततालाई शून्यमा झारी नौगाडबासीलाई आत्मनिर्भर बनाउने, अव्यवस्थित बसोबासको व्यवस्थापन मार्फत गाउँपालिकाको मौलिक पहिचान संरक्षण गर्ने तथा योजनाबद्ध, दिगो र समावेशी स्थानीय विकासलाई यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता बनाइनेछ ।

सेवा प्रवाहमा सुशासन र पारदर्शिता कायम गर्दै समृद्धि हासिल गर्ने लक्ष्य तय गर्दा हामी सामु थुप्रै अवसरका साथै चुनौतीहरू पनि विद्यमान रहेका छन् । विभिन्न चुनौतीका बावजुत नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल सरकारको नीति तथा कार्यक्रम, सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम, हाल सम्म प्राप्त उपलब्धि तथा अनुभव, श्रोत साधनको उपलब्धता, नागरिक माग र आवश्यकतालाई ध्यानमा राखी प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै दिगो स्थानीय विकास र समृद्धिको यात्रा तय गर्ने गरी आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम तयार पारिएको छ ।

यस वार्षिक नीति तथा कार्यक्रम निर्माणमा आफ्नो रचनात्मक सुझाव, सल्लाह दिनुहुने जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका विषयगत समितिका पदाधिकारीहरू, राजनैतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका अगुवाहरू, विषयगत शाखा प्रमुखहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, संघसंस्थाका प्रतिनिधिहरू, समाज रूपान्तरणमा अहम् भूमिका निर्वाह गर्नुहुने सरोकारवाला र आम नौगाडबासी नागरिकहरूमा हार्दिक आभार प्रकट गर्दछु ।

**गाउँसभा सदस्यहरू,**

हाम्रो सामु विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान अवसर र चुनौती यस प्रकार रहेका छन्।

**क) विद्यमान अवसरहरू:**

१. नेपालको संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न सरकारका रूपमा स्थापित गर्दै २२ वटा एकल अधिकार तथा विभिन्न साझा अधिकारहरू प्रदान गरेको हुँदा स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा विकास कार्यक्रम सञ्चालन गर्ने संवैधानिक आधार सुदृढ रहेको।

२. स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना अधिकार क्षेत्रभित्र नीति, कानून , योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने संस्थागत अभ्यास विकास भएको।

३. विकास निर्माण, सेवा प्रवाह, आर्थिक विकास, सामाजिक विकास तथा सुशासनका क्षेत्रमा नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने अधिकार तथा जिम्मेवारी स्पष्ट रूपमा निर्धारण भएको।

४. गाउँपालिकाभित्र विद्यमान भौगोलिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा सामाजिक विविधताले पर्यटन, कृषि, संस्कृति संरक्षण तथा स्थानीय आर्थिक विकासका प्रशस्त सम्भावनाहरू सिर्जना गरेको।

५. वडा नं. १ बाहेक गाउँपालिकाका अन्य सबै वडाहरूमा सडक सञ्जालको पहुँच विस्तार भइसकेको हुँदा सेवा प्रवाह, विकास निर्माण, आर्थिक गतिविधि तथा नागरिकको आवागमनमा सहजता प्राप्त भएको।

६. सडक पूर्वाधारमा भएको लगानी तथा यातायात पहुँच विस्तारका कारण गाउँपालिकामा उत्पादित कृषि तथा पशुजन्य उत्पादनहरूको बजारसम्म पहुँच स्थापित भई स्थानीय उत्पादनको बजारीकरण तथा आयआर्जनका अवसरहरू वृद्धि भएको।

७. सुदूरपश्चिम प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको देथला-धुलिगडा-खार-खलंगा सडक आयोजनाअन्तर्गत दामिडेरा सम्म कालोपत्रे भइसकेकोले सम्पर्क, व्यापार तथा आर्थिक गतिविधि विस्तार हुने आधार तयार भएको।

८. गाउँपालिकाका सबै वडाहरूमा फाइबर इन्टरनेट सेवाको पहुँच विस्तार भएकोले सूचना, सञ्चार, शिक्षा, स्वास्थ्य तथा विद्युतीय सेवा प्रवाहलाई प्रभावकारी बनाउने अवसर प्राप्त भएको।

९. नेपाल विद्युत् प्राधिकरणको राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युत् सेवा उपलब्ध भएकोले घरेलु उपभोगका साथै कृषि, उद्योग, व्यवसाय तथा सूचना प्रविधिमा आधारित गतिविधिहरूको विस्तारका लागि अनुकूल वातावरण सिर्जना भएको।

१०. गाउँपालिकाभित्र रहेका जलस्रोत, कृषि योग्य भूमि, वन सम्पदा, जैविक विविधता तथा प्राकृतिक सौन्दर्य दिगो विकास, पर्यटन प्रवर्द्धन तथा स्थानीय आर्थिक समृद्धिका लागि महत्वपूर्ण आधार प्रदान गरेको।

११. संघ, प्रदेश तथा विकास साझेदार निकायहरूसँग समन्वय र सहकार्य गर्दै स्थानीय विकासका लागि थप स्रोत, साधन तथा प्राविधिक सहयोग परिचालन गर्ने सम्भावना रहेको।

१२. स्थानीय सरकारप्रति नागरिकको बढ्दो अपेक्षा, सहभागिता र अपनत्वले समावेशी, उत्तरदायी तथा परिणाममुखी विकास प्रक्रियालाई थप सुदृढ बनाउने अवसर प्रदान गरेको।

**ख) विद्यमान चुनौतीहरू:**

१. मनसूनजन्य विपद् सङ्कटग्रस्त पालिका, दुर्गम भौगोलिक अवस्था, विकट बस्ती तथा प्राकृतिक जोखिमका कारण विकासका उपलब्धिहरूलाई दिगो बनाउनु,

२. वडा नं. १ लगायत दुर्गम बस्तीहरूमा अझै सडक पहुँच तथा यातायात सेवा पूर्ण रूपमा विस्तार हुन नसक्नु,

३. सडक पहुँच विस्तार भए तापनि नियमित मर्मत, स्तरोन्नति तथा बाह्रै महिना सञ्चालन योग्य सडक पूर्वाधारको अभाव हुनु,

४. युवाशक्ति वैदेशिक रोजगारी तथा बसाइँसराइका कारण उत्पादनशील जनशक्तिको कमी हुनु,

५. कृषि उत्पादनको व्यवसायीकरण, बजारीकरण, भण्डारण तथा प्रशोधनका लागि आवश्यक पूर्वाधारको अभाव हुनु,

६. जलवायु परिवर्तन, खडेरी, अनियमित वर्षा, बाढी, पहिरो तथा नदी कटानजस्ता प्राकृतिक विपद्को जोखिम बढ्दै जानु,

७. खानेपानीका मुहान सुक्दै जानु तथा सुरक्षित खानेपानी सेवाको दिगोपना सुनिश्चित गर्नु,

८. स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति, विशेषज्ञ सेवा तथा आधुनिक स्वास्थ्य उपकरणको दीगो सञ्चालन गर्नु,

९. गुणस्तरीय शिक्षामा पहुँच, विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा प्राविधिक शिक्षाको विस्तार गर्न आवश्यक स्रोतसाधनको अभाव रहनु,

१०. सीमित आन्तरिक आय, संघ तथा प्रदेश सरकारको अनुदानमा उच्च निर्भरता र बढ्दो विकास अपेक्षा बीच स्रोत व्यवस्थापन गर्न नसक्नु,

११. सूचना प्रविधिको पहुँच विस्तार भए तापनि डिजिटल साक्षरता तथा विद्युतीय सेवा प्रवाहको पूर्ण उपयोग सुनिश्चित गर्न नसक्नु,

१२. स्थानीय उत्पादन, पर्यटन तथा साँस्कृतिक सम्पदाको पर्याप्त संरक्षण, प्रवर्द्धन र आर्थिक उपयोग गर्न नसक्नु,

१३. जल, जमिन, जङ्गल तथा जैविक विविधताको संरक्षण र विकासबीच सन्तुलन कायम गर्नु,

१४. सुशासन, पारदर्शिता, सेवा प्रवाहको गुणस्तर तथा सार्वजनिक उत्तरदायित्वलाई थप प्रभावकारी बनाउनु,

१५. विपद् व्यवस्थापन, पूर्वतयारी तथा उद्धार क्षमताको संस्थागत सुदृढीकरण गरी व्यवस्थापन गर्नु,

१६. रोजगारमूलक, उत्पादनमुखी तथा परिणामूखी विकास कार्यक्रम गर्न पर्याप्त स्रोत नहुनु,

१७. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचनाको लगत तयार गर्नु, मूल्याङ्कन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु,

१८. वर्षेनी वन क्षेत्रमा आगलागिका घटनालाई न्यून गरी वन सम्पदाको संरक्षण गर्नु,

१९. संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई विनियोजन गरेको अनुदान कटौती हुनु र अनुमान गरेअनुसारको आन्तरिक राजस्व सङ्कलन नहुनु,

२०. सयमानुकूल आम नागरिकमा सकारात्मक सोचको विकास गर्नु ।

**ग) आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम तयार पार्दा लिइएका मुख्य आधारहरूः**

१. नेपालको संविधानको प्रस्तावना, मौलिक हक तथा अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

२. नेपालको संविधान भाग ४ अन्तर्गत राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरू, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,

३. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

४. संघीय सरकारको १६ औं आवधिक योजनाले अंगीकार गरेका नीति तथा प्राथमिकताहरू,

५. सुदूरपश्चिम प्रदेश सरकारको दोस्रो आवधिक योजनाले अंगीकार गरेका नीति तथा प्राथमिकताहरू,

६. प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,

७. नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जनाएका प्रतिबद्धताहरू,

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरू,

९. स्थानीय तह क्षेत्रगत नीति, रणनीतिहरू, योजना तथा अध्ययन प्रतिवेदनहरू,

१०. समसामयिक मुद्दाहरू, (जस्तै: सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीकरण, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री क्रियाकलाप, पूर्ण सरसफाइ, ऊर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरू)

११. नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम,
१२. संघीय र प्रदेश सरकारबाट प्राप्त शसर्त कार्यक्रमहरू,
१३. नौगाड गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरू.
१४. स्वदेशी तथा विदेशी, सरकारी तथा गैरसरकारी दातृ निकायबाट प्राप्त हुने कार्यक्रमहरू,
१५. सरोकारवालाहरूले दिएका महत्त्वपूर्ण सुझावहरू,
१६. गाउँपालिकाको प्रथम एकीकृत आवधिक विकास योजनाले अङ्गिकार गरेका नीति रणनीति र कार्यक्रमहरू,
१७. गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाले लिएका त्रिवर्षीय विषयगत क्षेत्रका प्राथमिकताहरू,
१८. गाउँपालिका राष्ट्रिय महासंघले दिएका सुझावहरू

घ) **नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरू;**

१. सामाजिक विकास क्षेत्र,
२. आर्थिक विकास क्षेत्र,
३. भौतिक पूर्वाधार विकास क्षेत्र,
४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र,
५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र,

ङ) **नीति तथा कार्यक्रमका प्राथमिकताहरू:**

**नौगाड गाउँपालिकाको नीति तथा कार्यक्रमले देहाय बमोजिमका लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाई प्राथमिकता दिनेछ ।**

१. सामाजिक विकासमा टेवा पुग्ने,
२. शैक्षिक गुणस्तरमा सुधार हुने,
३. नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने,
४. जनताको जीवनस्तर उकास्ने, स्थानीय क्षेत्रमा रोजगारी हुने र आम्दानी वृद्धि हुने,
५. स्थानीय आर्थिक विकासमा टेवा पुग्ने,
६. उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने,

७. स्वच्छ खानेपानी र सरसफाइको सुविधामा पहुँच पुऱ्याउने,

८. गाउँपालिकाबासीलाई दिगो तथा भरपर्दो ऊर्जा तथा विद्युत् सेवामा पहुँच पुऱ्याउने,

९. जन जीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार,

१०. स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता वृद्धि हुने,

११. परम्परागत धर्म, सँस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने,

१२. वन तथा वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमा टेवा पुऱ्याउने,

१३. गाउँपालिकाको राजस्व सङ्कलनमा वृद्धि हुने,

१४. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

१५. महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१६. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,

१७. भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउने।

१८. गाउँपालिकाको प्रशासनिक सेवा छिटो छरितो र प्रभावकारी रूपमा प्रवाह हुने,

१९. सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि हुने,

२०. परम्परागत स्थानीय पेशा र व्यवसायको प्रवर्द्धन हुने ।

**गाउँसभा सदस्यहरू**

अब म आ.व. २०८३/८४ को गाउँपालिकाका समष्टिगत नीतिहरू प्रस्तुत गर्दछु ।

**अ. गाउँपालिकाका समष्टिगत नीति तथा कार्यक्रमहरूः**

१. गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षाको पहुँच सुनिश्चित गर्दै विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ।

२. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूको सेवा सुदृढीकरण गरिनेछ।

३. नौगाड आधारभूत अस्पतालबाट मापदण्ड बमोजिमका सम्पूर्ण सेवाहरू प्रदान गरिनुका साथै विभिन्न किसिमका रोगहरूको पहिचान गरी उपचार गर्न विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । स्वास्थ्य बीमा कार्यक्रम लागु गर्न सम्बन्धित निकायसँग विशेष पहल गरिनेछ ।

४. सुरक्षित खानेपानी तथा पूर्ण सरसफाइयुक्त गाउँपालिका निर्माणका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ।

५. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको संरक्षण, सशक्तीकरण र सहभागिता अभिवृद्धि गरिनेछ।

६. युवाको क्षमता विकास, नेतृत्व प्रवर्द्धन तथा खेलकूद क्षेत्रको विकासमा विशेष जोड दिइनेछ।

७. व्यावसायिक, आधुनिक तथा जलवायु अनुकूल कृषि प्रणालीको विकास गरी कृषिलाई सम्मानित पेशाका रूपमा स्थापित गरिनेछ।

८. पशुपालन व्यवसायको आधुनिकीकरण, उत्पादन वृद्धि तथा बजार व्यवस्थापनमा जोड दिइनेछ।

९. धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धन गरी स्थानीय आय तथा रोजगारी वृद्धि गरिनेछ।

१०.स्थानीय स्रोत र सीपमा आधारित उद्यम विकास तथा स्वरोजगार र रोजगारीका अवसर सिर्जना गरिनेछ।

११.सहकारी क्षेत्रलाई उत्पादनमुखी बनाउँदै वित्तीय समावेशीकरणलाई प्रोत्साहन गरिनेछ।

१२.सुरक्षित, दिगो तथा सर्वकालीन सडक सञ्जाल विस्तार गरी यातायात पहुँच अभिवृद्धि गरिनेछ।

१३.योजनाबद्ध बस्ती विकास तथा सुरक्षित र मापदण्डअनुसारका भौतिक संरचना निर्माणलाई प्राथमिकता दिइनेछ।

१४.स्वच्छ तथा भरपर्दो ऊर्जा सेवाको पहुँच विस्तार गरी उत्पादनमूलक क्षेत्रमा ऊर्जा उपयोग बढाइनेछ।

१५.डिजिटल गाउँपालिका निर्माणका लागि सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरिनेछ।

१६.कृषि उत्पादन वृद्धि तथा बाढी पहिरो नियन्त्रणका लागि सिंचाइ र नदी व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

१७.वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र दिगो उपयोगमा जोड दिइनेछ।

१८.वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१९. आन्तरिक राजस्व परिचालन अभिवृद्धि गर्दै संस्थागत क्षमता विकासमा विशेष जोड दिइनेछ।

२०. नागरिकहरूको शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले जीवन विज्ञानका सिद्धान्तमा आधारित योग, ध्यान, प्रणायाम, तनाव व्यवस्थापन, स्वस्थ जीवनशैली प्रवर्द्धन तथा स्वास्थ्य सचेतना सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरी नागरिकहरूलाई आरोग्य तथा निरोगी जीवनयापनमा सहयोग पुऱ्याउने खालका कार्यक्रम सञ्चालन गरिनेछ। साथै रोगको उपचारभन्दा रोगको रोकथामलाई प्राथमिकता दिने नीतिअनुरूप समुदायमा स्वास्थ्यप्रद व्यवहार, सकारात्मक सोच र प्राकृतिक जीवनशैलीको प्रवर्द्धन लाई प्राथमिकता दिइनेछ ।

२१. गाउँपालिकाको कार्यसम्पादनलाई स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) का सूचकहरूमा आधारित बनाई सुशासन, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहलाई संस्थागत गरिनेछ। कार्यसम्पादन मूल्याङ्कनका सूचकहरूमा उत्कृष्ट नतिजा हासिल गर्ने गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सुदृढ र नतिजामुखी बनाइनेछ।

२२. कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी बजारीकरणका लागि समन्वय र सहकार्यको माध्यमबाट संस्थागत संरचना निर्माणमा जोड दिइनेछ र विशेष पकेट क्षेत्र घोषणा मार्फत कृषि र पशुपालनमा आत्मनिर्भर बनाउनेछ ।

२३. बजेट विनियोजन गर्दा प्राथमिकतामा राखिएका, भुक्तानी बाँकी रहेका र क्रमागत आयोजनाहरूलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ ।

२४. गाउँपालिकालाई नमूना गाउँपालिकाको रूपमा स्थापित गर्नका लागि गाउँपालिका भित्रका वस्तिहरूमा विभिन्न साझेदारहरूको सहकार्यमा आवश्यक पूर्वाधार, खानेपानी, घोरेटो बाटो, वृक्षारोपण, जीविकोपार्जन, पूर्ण सरसफाइका क्रियाकलापहरू सञ्चालनमा ल्याइनेछन् ।

२५. गाउँपालिका भित्र रहेका विद्यमान रूढिवादी परम्परागत मुल्य मान्यता, महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी व्यवहार, बाल-विवाह, बहुविवाह, महिला हिंसा, किशोरीहरूमा आउने उमेरगत समस्या, किशोरी तथा महिलाहरूमा देखिने समस्याहरूको समाधान गर्न तथा विद्यमान राष्ट्रिय तथा अन्तरराष्ट्रिय नियम कानून सम्बन्धी जानकारी गराउन नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. हरेक गतिविधि तथा क्रियाकलापमा **'फर्केर हेर'** को नीति अवलम्बन गर्दै हरेक कार्यालयमा गुनासो सुनुवाइ तथा व्यवस्थापन कार्यविधिलाई प्रभावकारी रूपमा लागु गरिनेछ ।

२७. गाउँपालिका भित्र निर्मित भौतिक संरचनाको उचित प्रयोग, संरक्षण र सम्वर्द्धनमा सम्बन्धित निकायलाई जिम्मेवार बनाइनेछ ।

२८. विभिन्न किसिमका सामाजिक विकृति विसङ्गति तथा अपराधिक गतिविधिहरूलाई न्यूनीकरण गरी शून्यमा झार्न समाजमा प्रत्यक्ष रूपमा देखिने मद्यपान, धूम्रपान र जुँवातास जस्ता क्रियाकलापहरूलाई नियन्त्रण गर्न कार्यविधि बनाई लागु गरिनेछ ।साथै दुर्व्यसन तथा कुलतबाट छुटाउन र सकारात्मक सोचको विकास गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. सबै तहका कर्मचारीहरू, शिक्षकहरू, जिम्मेवारीमा रहेका पदाधिकारीहरूलाई अझ बढी जिम्मेवार जबाफदेही बनाइनेछ । साथै प्रत्यक्ष रूपमा जनताको गुनासो सुन्न सञ्चालन गरिएको **"अध्यक्ष सँग जनता सञ्चार कार्यक्रम"** लाई थप व्यवस्थित र संस्थागत गरी निरन्तरता दिइनेछ ।

३०. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन र सुनौला हजार दिनका विपन्न महिलाहरूको आय आर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. राजनीतिक आस्थाको आधारमा कुनै पनि नागरिकलाई विभेद नगरी स्थानीय सरकार हरेक जनताको अभिभावकको रूपमा रही काम गर्ने पद्धतिको विकास गरिनेछ ।

३२. ढुङ्गा, गिट्टी र बालुवा उत्खननको सम्भाव्यता अध्ययन गरी करको दायरा भित्र ल्याइनेछ।

३३. अन्तर गाउँपालिका समन्वय र सहकार्यमा कार्यान्वयन गर्न सकिने आयोजना र परियोजनाको सम्भाव्यता अध्ययन गरिनेछ ।

३४. फोहोरमैला व्यवस्थापन गर्न सरकारी कार्यालय, विद्यालय र अन्य संघसंस्थाहरूमा जनप्रतिनिधि र कर्मचारीहरूको सहभागितामा सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

३५. हरेक नागरिकलाई स्वस्थ राख्न गाउँपालिका भित्र म्याद नाघेका खाद्य वस्तु आयात हुन नदिन बजार अनुगमनलाई निरन्तरता दिइनेछ ।

३६. नेपाल सरकार, फिनल्याण्ड सरकार र नौगाड गाउँपालिकाको त्रिपक्षीय आर्थिक तथा प्राविधिक सहयोगमा आ.व. २०८१।८२ बाट लागु भएको जलवायु परिवर्तन स्थानीय अनुकूलन  परियोजना (LACCP) लाई निरन्तरता दिइनेछ ।

३७. भूमि प्रशासन सम्बन्धी कार्यलाई गाउँपालिकाबाटै गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**गाउँसभा सदस्यहरू**

अब म आ.व. २०८३/८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**आ.  क्षेत्रगत नीति तथा कार्यक्रमहरू**

**१. आगामी आ.व. का आर्थिक विकास सम्बन्धी नीतिहरू यस प्रकार रहनेछन्:**

**(क) कृषि तथा पशुपन्छी सम्बन्धी नीतिः**

१. नौगाड गाउँपालिकाको भौगोलिक, प्राकृतिक तथा साँस्कृतिक सम्भावनाको उपयोग गर्दै कृषि, पशुपालन, जडीबुटी, फलफूल उत्पादन, पर्यटन तथा साना उद्यमको विकासमार्फत स्थानीय आर्थिक गतिविधि विस्तार गरिनेछ।

२. किसान सूचीकरण गर्ने कार्य सम्पन्न गरी वास्तविक किसानहरूलाई किसान परिचयपत्र वितरण गरिनेछ।

३. विशेष पकेट क्षेत्र कार्यक्रम अन्तर्गत तरकारी, भेडाबाखा तथा चौरीगाई संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४. रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गर्दै जैविक, प्राङ्गारिक तथा कम्पोष्ट मलमा आधारित कृषि प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

५. कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना तथा कृषकहरूको आयस्तर अभिवृद्धि गर्ने उद्देश्यले व्यावसायिक फलफूल खेती कार्यक्रमलाई विस्तार गर्दै निरन्तरता दिइनेछ।

६. स्थानीय उत्पादनलाई व्यावसायिक तथा प्रतिस्पर्धी बनाउन उत्पादन, प्रशोधन, भण्डारण, ब्राण्डिङ तथा बजारीकरणका कार्यक्रम सञ्चालन गरी "उत्पादनदेखि बजारसम्म" मूल्य शृङ्खला विकासमा जोड दिइनेछ।

७. गाउँपालिकालाई प्राङ्गारिक कृषि क्षेत्रका रूपमा विकास तथा घोषणा गरिनेछ ।

८. स्थानीय उत्पादनलाई व्यावसायिक तथा प्रतिस्पर्धी बनाउन उत्पादन, प्रशोधन, भण्डारण, ब्राण्डिङ तथा बजारीकरणका कार्यक्रम सञ्चालन गरी उत्पादन देखि बजारसम्म मूल्य शृङ्खला विकासमा जोड दिइनेछ ।

९. “एक समूह एक फलफूल पकेट कार्यक्रम” लागु गर्दै कृषक समूह र विपन्न समुदायलाई अनुदानमा फलफूल बोट वितरण र सो को व्यवस्थापन, प्राविधिक सहयोग र उपलब्धि मापनका लागि अभिलेखीकरण गरिनेछ ।

१०. व्यावसायिक पशुपालन (नस्ल सुधार र उन्नत जातका पशुपक्षी) र यस क्षेत्रको उपयुक्त कृषिजन्य वस्तुको उत्पादनको सम्भाव्यता अध्ययन गरी उत्पादन, भण्डारण तथा व्यवस्थापन केन्द्रको स्थापना गरी स्थानीय स्तरमा स्वरोजगारी प्रवर्द्धन गरिनेछ ।

११. प्राकृतिक प्रकोपका कारण कृषि तथा पशु पन्छीमा हुने क्षतिको लागि राहत उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१२. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रूपमा विकास गरी उत्पादित वस्तुको बजारीकरणको माध्यमबाट कृषि क्षेत्रलाई स्थानीयवासीको आर्थिक उन्नतिको मुख्य आधारका रूपमा स्थापित गरिनेछ।

१३. बाँझो जग्गामा फलफूल, तरकारी खेती गर्न उत्प्रेरित गरिनेछ र सिँचाइ, बीउ बिजनको उपलब्धताका साथै प्राविधिक ज्ञान, सीप र प्रविधिको हस्तान्तरण गरिनेछ । साथै "एक कृषक परिवार, एक कम्पोस्ट मल खाडल" को कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यावसायिक रूपमा कृषि गर्ने कृषक समूहहरूलाई प्रोत्साहन गर्दै गाउँपालिका स्तरमा आवश्यक बोट बिरूवा सहज रूपमा आपूर्ति गर्नका लागि विभिन्न सरोकारवाला निकायहरूसँगको समन्वय एवं सहकार्यमा स्थापित उन्नत स्तरको बहुउद्देश्यीय नर्सरीको बजारीकरणमा सहयोग गरिनेछ ।

१५. स्थानीय उत्पादनबाट कृषकहरूलाई अधिकतम लाभ पुग्ने गरी जीविकोपार्जनमा सुधार ल्याउन उत्पादित वस्तुको भण्डारण, बजारीकरणका साथै कृषि उपजको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ ।

१६. कृषि तथा पशु क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणका लागि थप विज्ञ जनशक्तिको सहयोग लिई विभिन्न उत्पादनमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै कृषि उपकरण तथा औजार खरिद गर्न अनुदानको व्यवस्था गरिनेछ ।

१७. कृषि क्षेत्रलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख क्षेत्रको रूपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रिकरण गरी आर्थिक वृद्धिको आधारलाई बलियो बनाइनेछ। सिँचाई, ऊर्जा, वन, पर्यटन लगायतका क्षेत्रको कार्य गर्दा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा योगदान पुग्ने गरी सामञ्जस्यता कायम गरिनेछ ।

१८. बारम्बार पशुपन्छीमा देखिने खोरेत, लम्पी स्किन जस्ता गम्भीर प्रकृतिका महामारी जन्य रोगहरू नियन्त्रण गर्न संघीय तथा प्रदेश सरकारको सहयोगमा आवश्यक औषधी उपकरण तथा भ्याक्सीनको व्यवस्था गरिनेछ ।

१९. हरेक बस्तीमा भैंसी, उन्नत गाई, तथा भेडाबाख्रा, कुखुरा, खरायो पालन कार्यक्रमलाई प्रभावकारी तथा व्यावसायिक रूपमा सञ्चालनमा ल्याइनेछ । कृषि व्यवसायको लागि अनुदान दिने नीतिलाई निरूत्साहित गर्दै व्यवसाय प्रवर्द्धनको लागि अनुदान दिने नीति अवलम्बन गरिनेछ ।

२०. कृषि बालीमा प्राङ्गारिक तथा कम्पोस्ट मलको प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिइनेछ। कृषिको लागि आवश्यक पर्ने उन्नत जातका बीउ बिजन उपलब्ध गर्ने व्यवस्था मिलाइनेछ। साथै माटो परीक्षण गरी सुहाउँदो बाली लगाउन नयाँ तथा उन्नत बीउ बिजन उपलब्ध गरिनेछ।

२१. नगदे बाली उत्पादन गर्ने हरेक किसानलाई गरिबी निवारण कोष र सहकारी मार्फत कृषि ऋणको व्यवस्था गरिनेछ।

२२. कृषि उत्पादनलाई वृद्धि गर्न "माटो सुहाउँदो बाली, बाली सुहाउँदो प्रविधि" कार्यक्रम लागु गरिनेछ ।

२३. पशु स्वास्थ्य सुधारका लागि गाउँपालिका स्तरमा भेटेरिनरी ल्याब सञ्चालन गरिनेछ ।

२४. कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सङ्कलन गरी अद्यावधिक गरिनेछ ।

२५. बाख्रास्रोत केन्द्र र पशुपन्छीमा आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. उन्नत जातका पशुहरूमा कृत्रिम गर्भाधान तथा नस्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२७. पशुपक्षी रोगको अन्वेषण, नमुना सङ्कलन तथा प्रेषण र इपिडीमियोलोजिकल कार्यलाई निरन्तरता दिँदै प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

२८. पशु सेवा विभाग र प्रादेशिक निकायमा पशुपन्छी तथ्याङ्क तथा पशु सेवा सम्बन्धी कार्यक्रमहरूको प्रगति प्रतिवेदन समयमा नै पठाउने व्यवस्था मिलाइनेछ ।

२९. खाद्य सुरक्षा सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३०. कृषिजन्य उत्पादनसँग सम्बन्धित उद्योग स्थापनालाई प्राथमिकता दिइनेछ ।

३१. कृषिमा नविनतम प्रविधि प्रयोग तथा विस्तारका लागि कृषकबाट कृषकलाई ज्ञान, सीप र प्रविधि हस्तान्तरणका लागि सिकाई आदान प्रदान कार्यक्रम आयोजना गरिनेछ ।

३२. कृषि पेशमा युवाहरूको आकर्षण बढाउन २० वर्ष देखि ४० वर्ष भित्रका युवाहरूका लागि विशेष तालिम तथा आधुनिक कृषि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. व्यावसायिक तरकारी उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३४. प्रदेश सरकारको सहयोगमा सञ्चालित "भेडा बाख्रा पालन कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

३५. गाउँपालिका भित्रका विभिन्न स्थानहरूमा उपयुक्त तरकारी उत्पादन पकेट क्षेत्रहरू पहिचान गरी साझेदार निकायहरूको सहकार्यमा विभिन्न आय आर्जन अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिने छन्। यी कार्यक्रमहरू जलवायु मैत्री प्रविधिमार्फत सञ्चालन गरिने छन् जसमा जल-स्रोत संरक्षण, जैविक मलको प्रयोग, समुचित सिँचाइ र रोग व्यवस्थापनका प्रविधिहरूलाई प्राथमिकता दिइनेछ।

३६. रासायनिक मलको प्रयोग न्यूनिकरण गर्दै गोठेमल, कम्पोस्ट र अन्य जैविक मल उत्पादन तथा व्यवस्थापनमा जोड दिइनेछ । यस प्रयोजनका लागि कृषि शाखा र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) सँगको साझेदारीमा क्षमता अभिवृद्धि कार्यक्रम, अभिमुखीकरण तथा जनचेतनामूलक अभियानहरू सञ्चालन गरिनेछन् ।

३७. जनताको आय आर्जन र स्वरोजगारमा टेवा पुऱ्याउन पशुपालन, कुखुरापालन तथा मत्स्यपालन क्षेत्रहरूमा पूर्वाधार निर्माण, व्यावसायिक इकाई स्थापनाको लागि प्रोत्साहन तथा प्राविधिक सेवा विस्तार गरिनेछ ।

३८. पशुपन्छीमा महामारी आस्कस्मिक रोग नियन्त्रण तथा पशु स्वास्थ्यसँग सम्बन्धित तथ्याङ्क सङ्कलन विश्लेषण र व्यवस्थापन (NAHIS) कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. रैथाने बाली तथा पशुपन्छी पालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

४०. गाउँपालिकाको वडा नं. २ को दल्लेख क्षेत्रलाई व्यावसायिक कृषिको ज्ञान आदान-प्रदानको केन्द्र (Learning Center) का रूपमा विकास गरिनेछ। उक्त क्षेत्रमा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) संगको साझेदारीमा तरकारी मूल्य शृङ्खलाका कार्यहरू सञ्चालन गरिनेछन् । साथै जिल्ला भरीका कृषकहरूलाई सीप, ज्ञान वृद्धि गराउन दल्लेखका कृषकहरूलाई सहजकर्ताका रूपमा विकास गरी ؼकृषक पाठशालाा सञ्चालन गरिनेछ ।

४१. भू-उपयोग व्यवस्थापन योजना निर्माणका लागि आवश्यक पहल गरिनेछ, साथै जलाधार व्यवस्थापनका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्न साझेदार संस्थाहरूसंग आवश्यक सहकार्य गरिनेछ।

४२. पाखो तथा सार्वजनिक जग्गाहरूमा जडीबुटी कृषि तथा वृक्षारोपण अभियानका लागि आवश्यक पहल गरिनेछ ।

४३. गाउँपालिका क्षेत्रमा कृषि उत्पादन हुने जग्गा जमिनहरूमा सिँचाइ सुविधा पुर्याउन विभिन्न साझेदार संस्थाहरूसंगको साझेदारीमा सिँचाई आयोजनाहरू निर्माण गरिनेछ । साथै सिँचाइ योजना सहितको बहुउपयोगी योजना निर्माणमा सहकार्य साझेदारी गरिनेछ ।

४४. माटोको प्रकृति, जग्गाको धरातलीय अवस्थितिका आधारमा सिँचाइका विभिन्न प्रविधिहरू जस्तै पाईप सिँचाइ, पोखरी सिँचाइ, थोपा सिँचाइ, लिफ्ट सिँचाइ जस्ता आयोजनाहरू सञ्चालन गरिनेछ।

४५. कृषकहरूको आय आर्जनमा टेवा पुर्याउन सिँचाइ सुविधा भएका जमिनहरूमा जलवायु मैत्री कृषि प्रणाली तथा कृषि वन विकास गरिनेछ ।

४६. गाउँपालिका क्षेत्रभित्र रहेका बाँझो तथा उपयोगविहीन कृषि योग्य जमिनको पहिचान, अभिलेखीकरण तथा उपयोगका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । बाँझो जमिनलाई कृषि उत्पादनमा ल्याउन सामूहिक खेती, करार खेती, युवा लक्षित कृषि उद्यम तथा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरी कृषि उत्पादन र रोजगारी वृद्धि गरिनेछ ।

**(ख) सहकारी तथा सामुदायिक संस्था सम्बन्धी नीतिः**

१. सहकारी, निजी क्षेत्र तथा विकास साझेदारसँगको सहकार्यमा लगानीमैत्री वातावरण निर्माण गरी स्थानीय आर्थिक विकास रणनीति कार्यान्वयन, रोजगार सृजना, गरिबी न्यूनीकरण तथा दिगो आर्थिक समृद्धि हासिल गर्न जोड दिइनेछ।

२. गाउँपालिका क्षेत्रभित्र क्रियाशील सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरण गर्दै सहकारीमार्फत गरिबी निवारण कोषको प्रभावकारी व्यवस्थापन, परिचालन तथा सहजीकरण गरिनेछ। विपन्न, सीमान्तकृत तथा लक्षित वर्गको आर्थिक सशक्तीकरणका लागि सहकारी क्षेत्रलाई विकास साझेदारका रूपमा परिचालन गरिनेछ।

३. स्थानीय बचतलाई प्रोत्साहन गरी लगानी तथा कार्यक्षेत्र विस्तार गर्न गाउँघरमा सहकारी संस्थाको स्थापना र क्षमता विकास गरी वित्तीय संस्थाहरूसँगको समन्वयमा कार्यक्षेत्र विस्तार गरिनेछ ।

४. दिगो विकासको अवधारणा अनुरूप स्थानीय तहमा रहेका विभिन्न स्वायत्त संस्था र समूहको (लघु जल विद्युत् संस्था, सामुदायिक वन उपभोक्ता समिति, खा.पा. उपभोक्ता समिति, सहकारी संस्था आदि) संस्थागत विकास र क्षमता विकास गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५. सहकारी संस्था ऐन, नियमावली र कार्यविधि अनुसार सहकारी संस्था खोल्ने, एकीकरण गर्ने र संस्था स्थापना भई संस्थाको उद्देश्य अनुसार प्रभावकारी रूपमा सेवा प्रवाह गर्न नसकेका सहकारी संस्था विघटन गरी उद्देश्य र प्रकृति मिलेका सहकारी संस्थासँग नियमानुसार एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

६. गाउँपालिका भित्र रहेका सहकारी संस्थाको नियमन, अनुगमन तथा प्रभावकारी रूपमा सञ्चालनको माध्यमबाट स्थानीय समुदायमा छरिएर रहेको पूँजीको सङ्कलन, व्यवस्थापन तथा परिचालनका लागि सहकारी संस्थाको क्षमता विकास गर्न नियमित रूपमा अनुगमन, मूल्याङ्कन, वित्तीय साक्षरता अभियान, तालिम, समीक्षा गोष्ठी आयोजना गरिनेछ । साथै गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाको प्रभावकारिताको मूल्याङ्कन गरी सोको अभिलेखीकरण गर्ने पद्धतिको थालनी गरिनेछ ।

७. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आबद्ध गरिनेछ । सहकारी संघ संस्थाको अनुगमन र संस्थागत सुशासन प्रवर्द्धन गर्न नियमनकारी निकायलाई अधिकार सम्पन्न र सुदृढ बनाइनेछ ।

**(ग) उद्यमशीलता प्रवर्द्धन तथा रोजगारी सृजना सम्बन्धी नीतिः**

१. गाउँपालिकाभित्र उपलब्ध स्थानीय स्रोत, साधन, सीप तथा सम्भावनामा आधारित उद्यमशीलताको विकास गरी स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गरिनेछ।

२. कृषि, पशुपालन, जडीबुटी, फलफूल, मौरीपालन, पर्यटन, हस्तकला, घरेलु तथा साना उद्योगमा आधारित उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३. बेरोजगार युवा, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई लक्षित गरी सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन गरिनेछ।

४. रोजगार सूचना तथा सेवा केन्द्र मार्फत रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

५. गाउँपालिकाभित्र सम्भावित उद्यम तथा व्यवसायहरूको पहिचान गरी उद्यम विकासका लागि आवश्यक प्राविधिक सहयोग, परामर्श तथा सहजीकरण गरिनेछ।

६. लघु, घरेलु तथा साना उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक कानूनी, प्राविधिक तथा व्यवस्थापकीय सहजीकरण गरिनेछ।

७. स्थानीय उत्पादनको ब्राण्डिङ, प्याकेजिङ, प्रशोधन तथा बजारीकरणमा सहयोग गरी उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ।

८. उद्यमीहरूलाई सहकारी संस्था, बैंक तथा वित्तीय संस्थासँग जोड्दै सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँच अभिवृद्धि गर्न सहजीकरण गरिनेछ।

९. गाउँपालिकाभित्र उत्पादित वस्तु तथा सेवाको बजार विस्तारका लागि प्रदर्शनी, व्यापार मेला, उद्यम सम्मेलन तथा उद्यमी सञ्जाल निर्माणलाई प्रोत्साहन गरिनेछ।

१०. स्थानीय तह, निजी क्षेत्र, सहकारी तथा विकास साझेदार संस्थासँगको सहकार्यमा रोजगारमूलक तथा उत्पादनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११. "एक वडा, एक उत्पादन" अवधारणालाई कार्यान्वयन गर्दै प्रत्येक वडाको विशिष्ट उत्पादन तथा सेवाको व्यवसायीकरण गरिनेछ।

१२. श्रमको सम्मान, उत्पादनशील रोजगारी तथा उद्यमशील सँस्कृतिको विकासका लागि विद्यालय तथा समुदायस्तरमा उद्यमशीलता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको ज्ञान, सीप, अनुभव र पूँजीलाई स्थानीय उद्यम विकासमा उपयोग गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**(घ) पर्यटन तथा संस्कृति सम्बन्धी नीतिः**

१. गाउँपालिका क्षेत्र भित्रका धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै ग्रामीण पर्यटन विकास, होमस्टे सञ्चालन तथा पर्यटन पूर्वाधार निर्माणमार्फत स्थानीय आय अभिवृद्धि गरिनेछ।

२. गाउंपालिका क्षेत्र भित्र रहेका पर्यटकीय र ऐतिहासिक स्थलहरू मध्ये छिपुलथान विविधता उद्यान (डाइभरसिटी पार्क)लाई व्यवस्थित गरिनेछ । साथै नेपालकै धार्मिक स्थलको रूपमा परिचित वडा नं १ मा रहेको नागेश्वर धाम, वडा नं ३ मा रहेको ताराकोट, वडा न. ४ मा रहेको सिप्टी विनायक डाँडा, वडा नं. ५ को पनलतोडे र वडा न. ६ को शिखर लाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ ।

३. गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्न देथला-धुलिगडा-खार-खलंगा सडकको खार देखि दल्लेख सम्म कालोपत्रेको काम यथाशीघ्र सम्पन्न गर्न पहल गरिनेछ । पर्यटकीय क्षेत्र सम्म जोड्ने सडक तथा पदमार्गहरू लगायत अन्य आवश्यक संरचनाहरू निर्माण गरिनेछ ।

४. गाउँपालिकाको विभिन्न स्थानमा मनाइने विषु पर्व स्थललाई व्यवस्थित गरी आन्तरिक तथा बाह्य पर्यटकीय केन्द्रका रूपमा विकास गरिनेछ ।

५. गाउँपालिकामा विभिन्न समुदायको भेषभूषा, परम्परा तथा संस्कृति झल्किने सङ्ग्रहालय स्थापना गर्न पहल गरिनेछ ।

६. गाउँपालिकामा साँस्कृतिक कला केन्द्रको स्थापना गरी स्थानीय कलाकारहरूको क्षमता विकास गरिनेछ ।

७. आस्था र साँस्कृतिक धरोहरका रूपमा रहेका विभिन्न देवी देवताका मन्दिरहरू निर्माण गरी व्यवस्थित गरिनेछ ।

**(ङ) युवा, श्रम तथा रोजगार सम्बन्धी नीतिः**

१. गाउँपालिकामा रोजगारी सृजना, सीप बिकास, उद्यमशिलता प्रवर्द्धनलाई एकिकृत रुपमा सुदृढ गर्न रोजगार सूचना तथा सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको रुपमा रुपान्तरण गरिनेछ जसले रोजगार विहिनहरुको दर्ता, सार्वजनिक रोजगार कार्यक्रम, स्थानीय सीप तथा मागको नक्साङ्कन, तालिम समन्वय, उद्यमशिलता सहजिकरण तथा वैदेशिक रोजगारी सम्बन्धी सेवाहरु एकिकृत रुपमा प्रदान गरिनेछ।

२. युवा, महिला, दलित, विपन्न तथा वैदेशिक रोजगारीबाट फर्केका नागरिकलाई सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा सहुलियतपूर्ण वित्तीय पहुँच उपलब्ध गराई रोजगार सिर्जना गरिनेछ।

३. आन्तरिक रोजगारी प्रर्वद्धन, दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन, सुरक्षित, मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरूको समुचित विकास गर्न गाउँपालिकाको पाचँवर्षे रोजगार रणनीतिलाई अध्यावाधिक गरी कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिका भित्र रहेका विद्यमान बेरोजगारी समस्यालाई मध्यनजर गर्दै बेरोजगार युवाहरूका लागि सीपमूलक तालिम मार्फत वैदेशिक रोजगारीलाई निरूत्साहित हुने किसिमका कार्यक्रम ल्याई रोजगारी सिर्जना गरिनेछ र श्रम सहकारी मार्फत विकास निर्माण कार्य सञ्चालन गरिनेछ ।

५. युवा पलायन रोक्न युवाहरुको नविनतम ज्ञान, सीप, प्रविधिलाई उपयोग गर्दै युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन् जसमा नविनतम व्यवसाय गर्ने युवाहरूलाई नवप्रवर्तनकारी व्यवसाय प्रस्तावका आधारमा स्टार्टअफ उद्यम कर्जा मार्फत प्राविधिक तथा सहुलियतपूर्ण ऋण सहायता प्रदान गरी नयाँ उद्यमी सृजना गरिनेछ।

६. कामको अनुभवबाट सीप प्राप्त भएका व्यक्तिहरूलाई पूर्व सिकाईको मान्यता बिधि मार्फत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्रमाणपत्र उपलब्ध गराउन सहजिकरण गरिनेछ ।

७. स्थानीय स्तरमा रोजगारीकको सृजना तथा प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गरिनेछ ।

८. सबै प्रकारका बालश्रम अन्त्य गर्न टोल तथा विद्यालयमा बालश्रम सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाई बालश्रममुक्त घोषणा गरिनेछ।

९. सशस्त्र संघर्ष (जनयुद्ध) का क्रममा शहीद तथा बेपत्ता भएका, जेल जीवन बिताएका परिवारहरूको लागि स्थानीय उत्पादनमा आधारित आयआर्जनमूलक कार्यक्रममा सहभागिता गराई स्वरोगार बन्न प्रोत्साहन गरिनेछ ।

१०.वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमको निरन्तरता मार्फत समुदाय स्तरमा सचेतना, वैदेशिक रोजगारी सम्बन्धि तथ्याङ्क संकलन, मनोपरामर्श, पुनः एकिकरण तथा न्यायिक सेवाहरु संचालन गरिनेछन।

११.परम्परागत सीप जस्तै आरन, डोको, डाला, सुप्पा, मोट्टा, मदानी, भाडा वर्तन आदिको प्रर्वद्धन गर्न "**मेरो सीप मेरो गौरव**" कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूले प्राप्त गरेको ज्ञान र सीप समेटिएको व्यवस्थित वडागत तथ्याङ्क प्रणालीको व्यवस्थापन गरिनेछ ।

१३.रोजगार सूचना तथा सेवा केन्द्रद्वारा समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखीकरण एवम् प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति सीप विकास उद्यमशीलता प्रवर्द्धन र पुनः एकिकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गरिनेछ ।

१६. श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप र रोजगारी सिर्जना एवं प्रवर्द्धनका लागि सरोकारवालाहरुसँग रणनीतिक सम्वाद तथा छलफल कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**२.सामाजिक विकास सम्बन्धी नीतिहरूः**

**आगामी आ.व. २०८३।८३ का सामाजिक विकास सम्बन्धी नीतिहरू यस प्रकार हुनेछन्,**

**(क) शिक्षा तथा खेलकूद सम्बन्धी नीतिः**

१. शैक्षिक विकासबाटै समृद्ध नौगाडको परिकल्पना भन्ने नाराका साथ शिक्षालाई गुणस्तरीय र जीवनोपयोगी बनाइनेछ ।

२. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको तथ्याङ्क संकलन गरी विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गरिनेछ।

३. बालिका शिक्षाको पहुँच, निरन्तरता तथा गुणस्तर अभिवृद्धि गर्न विभिन्न सचेतनामूलक तथा प्रोत्साहनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

४. आर्थिक रूपमा विपन्न, दलित, जनजाति तथा अन्य लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति, शैक्षिक सामग्री तथा आवश्यक शैक्षिक सहयोग उपलब्ध गराइनेछ।

५. किशोरीहरूको स्वास्थ्य, पोषण तथा सुरक्षित महिनावारी व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

६. सिकाइ उपलब्धि कमजोर भएका विद्यार्थीहरूको शैक्षिक स्तर अभिवृद्धि गर्न उपचारात्मक तथा अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

७. अपाङ्गता भएका बालबालिकामैत्री शैक्षिक वातावरण निर्माण गर्न विद्यालयहरूमा र्याम्प, रेलिङ, पहुँचयुक्त शौचालय, खानेपानी धारा तथा अन्य आवश्यक भौतिक पूर्वाधार निर्माण तथा सुधार गरिनेछ।

८. विद्यालय तथा समुदाय स्तरमा लैङ्गिक समानता, बाल अधिकार, बाल संरक्षण तथा बालमैत्री व्यवहार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

९. विद्यालय व्यवस्थापन, शैक्षिक गुणस्तर सुधार तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि अभिभावक—शिक्षक अन्तरक्रिया तथा परामर्श बैठक नियमित रूपमा सञ्चालन गरिनेछ।

१०. बालिका तथा अपाङ्गता भएका बालबालिकाको सहभागिता सुनिश्चित हुने गरी समावेशी खेलकूद, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ।

११. उत्कृष्ट हाजिरी, अनुशासन तथा शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

१२. बालविवाह, बालश्रम तथा विद्यालय छोड्ने दर न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा सचेतना, परामर्श तथा अभियानमूखी कार्यक्रम सञ्चालन गरिनेछ।

१३. विद्यार्थीहरूमा अध्ययन सँस्कृतिको विकास गर्न विद्यालय पुस्तकालयको सुदृढीकरण, पठनपाठन सामग्री व्यवस्थापन तथा पठन सँस्कृति प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१४. विद्यालयमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरी नियमित बैठक, छलफल तथा समन्वयात्मक गतिविधि सञ्चालन गरिनेछ।

१५. अपाङ्गता भएका विद्यार्थीहरूको सिकाइ सहज बनाउन आवश्यक शैक्षिक तथा सहायक सामग्री उपलब्ध गराइनेछ।

१६. बाल अधिकार, समावेशी शिक्षा तथा सामाजिक सचेतना अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय बाल दिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, अन्तर्राष्ट्रिय साक्षरता दिवस लगायतका दिवसहरू विशेष कार्यक्रमका साथ मनाइनेछ।

१७. शिक्षा क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरिनेछ।

१८. शिक्षक तथा विद्यार्थीहरूको मानसिक स्वास्थ्य तथा भावनात्मक सक्षमता अभिवृद्धिका लागि मनोसामाजिक परामर्श तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१९. विद्यालयमा सुझाव पेटिका तथा गुनासो सुनुवाइ संयन्त्र स्थापना गरी गुनासो व्यवस्थापन, बाल अधिकार संरक्षण तथा उत्तरदायी विद्यालय शासन प्रवर्द्धनका लागि सम्बन्धित शिक्षक, बाल क्लब तथा सरोकारवालाहरूलाई अभिमुखीकरण प्रदान गरिनेछ ।

२०. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान, अनौपचारिक तथा परम्परागत शिक्षा, शैक्षिक सुशासन तथा स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२२. आधारभूत तथा माध्यमिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयको सिकाइ उपलब्धि सुधार गर्न शिक्षण सहयोग अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२३. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सेवा गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२४. विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२५. UNICEF, European Union, MPDS, CDC लगायत विकास साझेदार निकायहरूको सहयोगमा शिक्षक तथा बालविकास सहजकर्ताहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

२६. विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२७. सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूको पोषण अवस्था सुधार, विद्यालयमा नियमित उपस्थिति अभिवृद्धि तथा सिकाइ उपलब्धि सुदृढीकरणका लागि कक्षा ५ सम्म स्थानीय कृषि उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८. किशोरी छात्राहरूको स्वास्थ्य, सरसफाइ तथा विद्यालयमा नियमित सहभागिता सुनिश्चित गर्न संघीय सरकारको अनुदानमा सञ्चालित निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२९. आर्थिक रूपमा विपन्न, जेहेन्दार तथा अवसरबाट वञ्चित विद्यार्थीहरूको शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्न कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरूका लागि विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३०. विपद् जोखिम न्यूनीकरण, तयारी, प्रतिकार्य तथा पुनर्लाभ कार्यलाई प्रभावकारी बनाउन आवश्यकतानुसार स्थानीय तथा प्रदेशस्तरीय शिक्षा समूहको गठन, पुनर्गठन तथा परिचालन गरिनेछ।

३१. विपद् जोखिम न्यूनीकरण, सुरक्षित तथा हरित विद्यालय, बालअधिकार तथा बालसुरक्षा सम्बन्धी आवश्यक ऐन, नीति, रणनीति, मापदण्ड तथा कार्यविधिहरू निर्माण र परिमार्जनको प्रभावकारी कार्यान्वयन गरिनेछ।

३२. सुरक्षित, हरित तथा जलवायु उत्थानशील विद्यालयको प्रभावकारी निर्माण तथा सञ्चालन सुनिश्चित गर्न विद्यालय, शिक्षक तथा विद्यार्थीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, अभिमूखीकरण, गोष्ठी तथा अनुभव आदान-प्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

३३. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना, आपतकालीन कार्ययोजना, नियमित विपद् अभ्यास (Mock Drill/Simulation) तथा प्रारम्भिक चेतावनी प्रणालीको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।

३४. पालिकास्तरमा तालिम प्राप्त शिक्षकहरूको मासिक तथा त्रैमासिक घुम्ती बैठक सञ्चालन गरी शिक्षण अभ्यासको समीक्षा, अनुभव तथा असल अभ्यासहरूको आदान—प्रदान र पेशागत सिकाइ सञ्जाललाई सुदृढ गरिनेछ।

३५. गुणस्तरीय, अनिवार्य तथा निःशुल्क शिक्षाका लागि सबै सार्वजनिक विद्यालयहरूमा न्यूनतम पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनेछ । साथै अनिवार्य तथा निःशुल्क शिक्षाको पूर्ण रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

३६. विज्ञान, गणित र अङ्ग्रेजी शिक्षकको अभाव नहुने गरी सामुदायिक विद्यालयमा गाउँपालिका अनुदान शिक्षक दरबन्दीको व्यवस्था गरिनेछ ।

३७. कक्षा १ देखि ५ सम्म विषयगत कक्षा सञ्चालन र विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी कायम गरी प्रत्येक वडाका माध्यमिक तहका विद्यालयहरू मध्ये एक/एक वटा विद्यालयलाई नमुना विद्यालयको रूपमा छनौट गरी "शैक्षिक गुणस्तर सुधार कार्यक्रम" लागु गरिनेछ ।

३८. शिक्षक तथा कर्मचारीहरूको पेशागत सीप विकासको लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. कक्षा (०-१२) को शिक्षालाई पूर्ण रूपमा निःशुल्क गर्दै लगिनेछ साथै आवश्यकता, माग र क्षमताको आधारमा अंग्रेजी माध्यममा शिक्षण गर्न अनुमति दिइनेछ ।

४०. गरिब, टुहुरा, असहाय, सशत्र संघर्ष तथा जनआन्दोलनका शहीद परिवार, द्वन्द्व पीडित घाइते तथा अपाङ्ग परिवारका बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा अनिवार्य रूपमा हासिल गर्न गाउँपालिकाबाट आवश्यक सहयोग गरिनेछ ।

४१. गाउँपालिकामा एउटा उच्च तहको प्राविधिक शिक्षालय र एउटा क्याम्पस स्थापना गर्न पहल गरिनेछ ।

४२. गाउँपालिकाको स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक लेखन तथा छपाई कार्य गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४३. विद्यालयमा शिशुको सङ्ख्याको आधारमा बाल विकास कक्षा थप गरिनेछ ।

४४. स्थानीय उत्पादनमा आधारित पोषणयुक्त बिद्यालय दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न विद्यार्थी संख्याका आधारमा दिवा खाजा व्यवस्थापन अनुदान दिइनेछ ।

४५. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालयको प्रधानाध्यापकलाई बढी जिम्मेवार बनाइनेछ। साथै उत्कृष्ट शिक्षक, विद्यालय र प्र.अ. छनौट गरी पुरस्कृत गरिनेछ ।

४६. कक्षागत, विषयगत र विद्यालयगत सिकाई उपलब्धिलाई विश्लेषण र बृहत शैक्षिक योजना तयार गरी सिकाइ उपलब्धिलाई वृद्धि गर्दै लगिनेछ ।

४७. दिगो विकासको लक्ष्य हासिल गर्न नेपाल सरकारले लागु गरेको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०७५ अनुसार विद्यालय स्तरीय वास सुविधा विस्तार गरी तीन तारे विद्यालयमा स्तरोन्नती गरिनेछ र तीन तारे घोषणा भएका विद्यालयको सुविधा स्तर कायम राख्न निरन्तर अनुगमन र मूल्याङ्कन गरिनेछ ।

४८. शैक्षिक गुणस्तर सुधार र विकास गर्न गाउँ शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ । शिक्षा क्षेत्रमा व्यापक सुधार गरी गुणस्तरीयता प्राप्त गर्न अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाइनेछ । साथै उच्चतम तहका शिक्षक समेत रहेको अनुगमन समिति गठन गरिनेछ ।

४९. हरेक विद्यालयले गाउँपालिका र जिल्ला स्तरमा सञ्चालन हुने प्रतियोगितात्मक क्रियाकलापहरूमा अनिवार्य सहभागी हुनुपर्ने र यसलाई मूल्याङ्कनको आधार बनाइनेछ ।

५०. विद्यालयका शिक्षक कर्मचारीहरूलाई ऐन, नियमले कुनै समिति वा संस्थाको पदमा बस्न पाउने व्यवस्था भएकोमा बाहेक समुदायका अन्य कुनै पनि समिति वा संस्थाको पदमा रहेर काम गर्न नपाउने प्रावधान लागु गरिनेछ ।

५१. संघीय शिक्षा ऐन, नियमावली, मापदण्ड बमोजिम विद्यार्थी संख्या र भौगौलिक दुरी तथा अवस्था अनुसार विद्यालय नक्साङ्कन गरी शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन गरिनेछ ।

५२. विद्यालय क्षेत्र सुधार योजना अन्तर्गतका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

५३. दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा विद्यालयलाई पूर्ण सरसफाइ क्षेत्र बनाउन खानेपानी व्यवस्थापन, बाल मैत्री धारा, शौचालय, भान्छा, पर्खाल, खाडल, भकारी निर्माण तथा मर्मत सम्भार कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५४. सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति, छात्राहरूको लागि स्यानेटरी प्याड (छात्रा) र निःशुल्क पाठ्यपुस्तक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५५. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रादेशिक र जिल्ला स्तरीय प्रतियोगिताहरूमा पदक जित्ने खेलाडीहरूलाई नगद पुरस्कार सहित सम्मान गरिनेछ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूको ज्ञान, सीप र अनुभवको सदुपयोग गरिनेछ ।

५६. नागरिकहरूमा सकारात्मक सोचको विकास गराउन जीवन रूपान्तरण सम्बन्धी अभिप्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

५७. गाउँपालिका तथा वडा स्तरमा खेल मैदान निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग पहल, सहकार्य तथा समन्वय गरिनेछ ।

५८. माध्यमिक विद्यालयमा एक जना शिक्षकलाई खेल शिक्षकको रूपमा तालिम दिइनेछ र योग शिक्षा कक्षा सञ्चालन गरिनेछ ।

५९. गाउँपालिका स्तरीय खेलकूद समिति गठनको कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

६०. विभिन्न खेलकूद प्रतियोगिता सञ्चालन गर्न वडा नं ४ को सिप्टीमा सम्भाव्यता अध्ययन गरी बहुउद्देश्यीय रङ्गशाला निर्माणको लागि जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाइनेछ ।

**(ख) स्वास्थ्य तथा पोषण सम्बन्धी नीतिः**

१. नौगाड आधारभूत अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्दै विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। स्वास्थ्य क्षेत्र सुदृढीकरण परियोजनालाई निरन्तरता दिइनेछ ।

२. चालु आर्थिक वर्षबाट पूर्ण रुपमा सञ्चालनमा आएको गाउँपालिकाको १० शैय्याको आधारभूत अस्पताललाई आवश्यक जनशक्ति तथा कर्मचारी व्यवस्थापन गरी थप सुदृढ र प्रविधिमैत्री तथा सेवाग्रीहीमैत्री बनाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३. अस्पताल परिसरमा घेरबार, गेट, र्‍याम्प, लासघर लगायत आवश्यक भौतिक पूर्वाधार निर्माण गरी अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गरिनेछ।

४. विपन्न नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको सुरुवात गरिनेछ।

५. मृगौला प्रत्यारोपण गरेका, नियमित डायलाइसिस गराइरहेका, क्यान्सर तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई औषधि उपचार खर्च वापत मासिक पाँच हजार रूपैयाँ उपलब्ध गराइनेछ।

६. चिकित्सकको सिफारिस बमोजिम दीर्घरोगी बिरामीहरूको औषधि व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ।

७. नर्सिङ तथा सामाजिक सुरक्षा सेवा, आयुर्वेद सेवा, नागरिक आरोग्य सेवा केन्द्र तथा जीवन विज्ञानसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछन्।

८. ‘म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य’ अभियान अन्तर्गत समुदायस्तरमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

९. परिवार कल्याण कार्यक्रम अन्तर्गत परिवार नियोजन, प्रजनन स्वास्थ्य, किशोरकिशोरी स्वास्थ्य, मातृ तथा नवजात शिशु स्वास्थ्य, पोषण, नियमित खोप तथा सरसफाइ प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन्।

१०. समुदायमा आधारित नवजात तथा बालबालिका रोगहरूको एकीकृत व्यस्थापन (CB-IMNCI) कार्यक्रम सञ्चालन गरिनेछ।

११. क्षयरोग नियन्त्रण, महामारी नियन्त्रण तथा रोग निगरानी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१२. सुत्केरी र नवजात शिशुको जीवन रक्षा तथा सुरक्षित प्रसूतिका लागि गाउँपालिकाका ६ वटै वडाहरूमा स्थापित प्रसूति गृहहरूको स्तरोन्नती गरिनेछ ।

१३. स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयम् सेविकाहरूले पुऱ्याएको योगदानको कदर गर्दै विगत देखि दिँदै आएको प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. सम्पूर्ण सार्वजनिक स्थल र सवारी साधनहरूमा धूम्रपान र मदिरा सेवन निषेध गरिनेछ ।

१५. आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत सामुदायिक स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईहरूमा वर्ष भरी निःशुल्क भनी तोकिएका औषधी, आवश्यक स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरणको उपलब्धता सुनिश्चित गरी सञ्चालनमा रहेका सेवालाई प्रभावकारी बनाइनेछ ।

१६. गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएकोमा आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ ।

१७. गर्भवती महिलालाई चेक जाँच गर्न अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी बनाइनेछ ।

१८. प्रजनन रुग्णता स्वास्थ्य सेवा, परिवार नियोजन सेवा, किशोर किशोरी स्वास्थ्य सेवा, पोषण कार्यक्रम, मातृ तथा नव शिशु कार्यक्रम, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, रक्तसञ्चार, न्यानो झोला, सुरक्षित निःशुल्क गर्भपतन, नवजात शिशुको निःशुल्क उपचार सेवा, नियमित खोष सुदृढीकरण, विद्यालय केन्द्रित खोप अभियान, सरसफाइ प्रवर्द्धन, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चित र दिगोपना जस्ता परिवार कल्याण कार्यक्रम तथा सेवाहरू सञ्चालन गरिनेछन् ।

१९. गरिब तथा अशक्त नागरिकहरूलाई स्वास्थ्य उपचारमा दिँदै आएको "आर्थिक सहायता कार्यक्रम" लाई निरन्तरता दिँदै शाररिक अपाङ्गता भएका बाल बालिकालाई उपचारका लागि अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्रसँग समन्वय गरिनेछ ।

२०. आङ खसेका महिलाहरूको यथार्थ विवरण सङ्कलन गरी निःशुल्क रूपमा शल्यक्रियाको प्रबन्ध मिलाइनेछ ।

२१. स्वैच्छिक सुरक्षित गर्भपतन सेवालाई थप प्रभावकारी बनाउँदै आधारभूत अस्पताल लगायतका अन्य स्वास्थ्य संस्थाहरूमा सञ्चालनमा रहेका सुरक्षित गर्भपतन सेवालाई निरन्तरता दिइनेछ।

२२. धुवा जन्य रोग तथा धुवाको कारण आउने स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न एक घर एक छुट्टै भान्सा तथा सुधारिएको चुलो निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

२३. कार्यसम्पादनका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मी छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

२४.मद्यपान तथा सुर्तिजन्य पदार्थ सेवनको कुलतबाट नागरिकहरूलाई मुक्त गर्न प्रभावकारी रूपमा नागरिक सचेतना कार्यक्रम सञ्चालन गरी कुलताबाट विमुख हुन चाहनेहरूलाई आवश्यक व्यवस्था मिलाइनेछ ।

२५. खोप भण्डारणको दिगो व्यवस्थापन गर्न आधारभूत अस्पतालमा खोप चिस्यान केन्द्र स्थापना गरिनेछ।

२६. किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९ लाई कार्यान्वयन गर्न स्वास्थ्य संस्थाहरूमा आवश्यक मापदण्ड पूरा गरिनेछ ।

२७. गाउँपालिकाको जनस्वास्थ्य ऐन निर्माण गरी आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याइनेछ ।

२८.स्थानीय अस्पतालमा उपचार हुन नसकी प्रेषण गरिएका गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

२९. आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन गरी समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ

३०. सुनौला हजार दिनका विपन्न महिलाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन “सुत्केरी स्याहार कोसेली तथा पोषण कार्यक्रम” सञ्चालन गरिनेछ ।

३१. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति;**

१. सबै नागरिकलाई सुरक्षित तथा दिगो खानेपानी सेवाको पहुँच सुनिश्चित गरिनेछ।

२. खानेपानीका मुहान, जलाधार क्षेत्र तथा पानीका स्रोतहरूको संरक्षण, पुनर्भरण र व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

३. जलवायु परिवर्तन तथा प्राकृतिक विपद्को प्रभावलाई मध्यनजर गरी खानेपानी आयोजनाहरूको दिगोपना अभिवृद्धि गरिनेछ।

४. खानेपानी आयोजनाहरूको नियमित मर्मतसम्भार तथा व्यवस्थापनका लागि उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरिनेछ।

५. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूमा सुरक्षित खानेपानी, शौचालय तथा हात धुने सुविधाको विस्तार गरिनेछ।

६. गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त तथा स्वच्छ स्थानीय तहका रूपमा विकास गर्न समुदायमा व्यवहार परिवर्तन अभियान सञ्चालन गरिनेछ।

७. घरधुरी, विद्यालय तथा सार्वजनिक संस्थाहरूमा साबुनपानीले हात धुने, व्यक्तिगत सरसफाई तथा वातावरणीय स्वच्छता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

८. ठोस तथा तरल फोहोर व्यवस्थापनलाई व्यवस्थित गरी स्रोतमै फोहोर वर्गीकरण, पुनःप्रयोग तथा पुनर्चक्रणलाई प्रोत्साहन गरिनेछ।

९. खुला स्थानमा फोहोर फाल्ने तथा जलस्रोत प्रदूषण गर्ने कार्यलाई निरुत्साहित गर्दै आवश्यक नियमन र अनुगमन गरिनेछ।

१०. खानेपानीको गुणस्तर परीक्षण तथा निगरानीलाई नियमित बनाइनेछ र सुरक्षित पिउने पानीको सुनिश्चितता गरिनेछ।

११. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री खानेपानी तथा सरसफाई पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

१२. जलजन्य तथा सरसफाइसँग सम्बन्धित रोगहरूको रोकथामका लागि स्वास्थ्य संस्थासँग समन्वय गरी जनस्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

१३. वर्षाको पानी संकलन, भूजल पुनर्भरण तथा वैकल्पिक पानी आपूर्ति प्रणालीको विकासलाई प्रोत्साहन गरिनेछ।

१४. खानेपानी तथा सरसफाई क्षेत्रमा संघ, प्रदेश, विकास साझेदार तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी विस्तार गरिनेछ।

१५. "स्वच्छ नौगाड, स्वस्थ नौगाडबासी" अभियान सञ्चालन गरी सरसफाईलाई जनआन्दोलनका रूपमा विकास गरिनेछ।

१६. स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता नीतिका उद्देश्य अनुरूप सुरक्षित, समावेशी र दिगो WASH सेवाको विस्तार गरिनेछ।

१७. सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरूको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन र हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक र पारदर्शी रूपमा सेवा प्रदान गर्न गाउँपालिकामा स्थापना भएको खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड र सो मातहत रहेका खानेपानी सरसफाइ तथा स्वच्छता इकाइ (वास युनिट) मार्फत नयाँ योजना निर्माण तथा विद्यमान आयोजनाहरूको मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ।

१८. गाउँपालिकाले तयार पारेको सरसफाइ योजनालाई समीक्षा तथा अद्यावधिक गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित आयोजनाहरूको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरूलाई गाउँपालिकाको जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१९. नेपाल सरकार, फिनल्याण्ड सरकार, युरोपियन युनियन र गाउँपालिकाको साझेदारीमा आर्थिक वर्ष २०८१।८२ बाट लागु भएको जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको माध्यमबाट आगामी आर्थिक वर्ष २०८३।८४ मा गाउँपालिका भित्र निम्न क्षेत्रहरूमा देहायका बहु-आयामिक कार्यक्रमहरू सञ्चालन गरिनेछन्:

क) जलवायु अनुकूलन मैत्री खानेपानी तथा सरसफाइ सेवा विस्तार,

ख) बहुउपयोगी प्रणाली, सिंचाइ तथा कृषिसंग सम्बन्धित योजनाहरू,

ग) वनजंगल संरक्षण तथा व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन,

घ) जलवायु उत्थानशील स्थानीय आयआर्जन (कृषि र कृषि वन) अभिवृद्धि सम्बन्धी क्रियाकलापहरू,

ङ) लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण तथा सुशासन प्रवर्द्धन

२०. विद्यालय खानेपानी सरसफाइ तथा पोषण, खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यावसायिक जीविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१. जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव स्वरूप गाउँपालिका भित्र पानीका प्राकृतिक स्रोतहरू क्रमशः सुक्दै गएका छन्। यस्तो अवस्थामा, दिगो खानेपानी सेवा प्रवाह र जलस्रोत संरक्षण अपरिहार्य बनिरहेको छ। यस सन्दर्भमा नौगाड गाउँपालिकाले आवश्यक नीतिहरू अवलम्बन गर्नेछ ।

२२. जलस्रोतको संरक्षण तथा पुनः भरणको लागि पुनर्भरण पोखरी, इनफिल्ट्रेशन ट्रेन्च, सिमसार सुधार लगायतका संरचना निर्माण गरिनेछ । यसका लागि सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै समन्वित कार्यक्रम सञ्चालन गरिनेछ।

२३. ‘एक घर एक धारा’ नीतिलाई निरन्तरता दिँदै जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) संगको साझेदारीमा थप खानेपानी तथा बहुउपयोगी योजनाहरू निर्माण गरिनेछ । यसले घर-घरमा सुरक्षित पानी आपूर्ति सुनिश्चित गर्नुका साथै सिँचाइ, सरसफाइ र अन्य प्रयोजनमा पनि योगदान पुऱ्याउनेछ।

२४. प्रभावकारी नदेखिएका तथा बन्द अवस्थामा रहेका खानेपानी योजनाहरूको पुनः मूल्याङ्कन, सुधार र पुनः सञ्चालन गरिनेछ।

२५. खानेपानी तथा सरसफाइ योजनाहरूको निरन्तरता, गुणस्तर र मर्मत सुनिश्चित गर्न पालिका स्तरमा उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि, नियमित अनुगमन संयन्त्रको विकास तथा आवश्यक व्यवस्थापन गरिनेछ ।

२६. गाउँपालिकाको समग्र वास योजना, स्थानीय अनुकूलन कार्ययोजना तथा एकीकृत जलस्रोत व्यवस्थापन योजना सरोकारवाला निकायहरूसँग सहकार्यमा तयार गरिनेछ र सोही आधारमा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् ।

२७. मार्मा गाउँपालिका वडा नं. ६ र नौगाड गाउँपालिका वडा नं. ४ को सिमाना क्षेत्रका खानेपानी, सिँचाई, कृषि-वन लगायतका समस्या समाधान गर्न साझेदार निकायहरूसँगको समन्वयमा अध्ययन गरिनेछ । साथै सम्भाब्य कार्यक्रमहरू दुबै गाउँपालिकाको साझेदारीमा सञ्चालनमा ल्याईनेछन्।

## (घ) लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीति

१. गाउँपालिकालाई बालविवाहमुक्त स्थानीय तह घोषणा गर्ने लक्ष्य अनुरूप बालअधिकार संरक्षण, लैङ्गिक समानता तथा सामाजिक रूपान्तरणका लागि विभिन्न दातृ निकाय, गैरसरकारी संस्था तथा सरोकारवाला निकायहरूको सहयोगमा चेतनामूलक तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

२. शारीरिक, मानसिक तथा बहुअपाङ्गता भएका बालबालिकाहरूको उपचार, पुनःस्थापना, शिक्षा तथा सामाजिक पुनःएकीकरण सुनिश्चित गर्न आवश्यक सहयोग, सहजीकरण तथा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

३. गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका असहाय टुहुरा बालबालिकाहरूलाई विद्यालय शिक्षा हासिल गर्दा सम्म निश्चित आर्थिक सहयोग गरिनेछ ।

४. गाउँपालिका भित्रका हरेक सरकारी र अन्य सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री शौचालय निर्माणमा सहयोग गरिनेछ ।

५. गाउँपालिका भित्र रहेका 'क' वर्गका अपाङ्गता भएका घरपरिवारलाई अपाङ्गमैत्री शौचालय र खानेपानी व्यवस्था गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

६. महिला, अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाति लगायत लक्षित वर्गलाई सशक्तिकरण गर्न सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. मानव बेचविखन, घरेलु हिंसा, छाउपडी, जातीय भेदभाव तथा छुवाछूत जस्ता सामाजिक कुरीति, कु-सँस्कार र अन्धविश्वासलाई अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८. भौतिक संरचना र भवन निर्माण गर्दा अपाङ्ग र बालबालिका मैत्री तथा भुकम्प प्रतिरोधी हुने गरी गरिनेछ ।

९. सबै खालका बालश्रम उन्मूलन गर्न शून्य बालश्रमको नीति अङ्गीकार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक, एकल महिला, एकल पुरूष, असहाय, अनाथ, बृद्धबृद्धा र अपाङ्गता भएका, शहीद परिवार, द्वन्द्व पीडित, घाइते तथा बेपत्ता परिवारका व्यक्तिहरूको सशक्तिकरण र मूलप्रवाहीकरण गर्न सरोकारवाला निकायसँगको साझेदारी र सहकार्यमा आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११. महिला तथा किशोरीहरूको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानिकारक अभ्यासहरूको निराकरण गरी महिला र किशोरीहरूको आत्मसम्मानको रक्षा गर्न विभिन्न सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२. बालबालिकाको हक अधिकार सुनिश्चित गर्दै आधारभूत स्वास्थ्य, शिक्षा र पोषणमा सबैको पहुँच अभिवृद्धि गरिनेछ । हिंसामा परेका, विशेष संरक्षणको आवश्यकता रहेका तथा अनाथ बालबालिकाहरूको संरक्षणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी व्यवस्थापन गरिनेछ ।

१३. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनिक अल्पसङ्ख्यकको अधिकार संरक्षण, हित संरक्षण र कल्याणकारी कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१४. महिला, बालबालिका तथा हिंसा पीडित व्यक्तिहरूको उद्दार तथा सहजीकरण गर्ने संघसंस्थाहरूलाई आवश्यक सहयोग गरिनेछ ।

१५. पछाडि पारिएका वर्ग, जाति तथा लिङ्गको उत्थानका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. गाउँपालिका अन्तर्गत श्रम सहकारी लगायत समुदाय, वडा स्तरमा गठन गरिने विभिन्न समितिहरूमा महिला, दलितको समानुपातिक प्रतिनिधित्व अनिवार्य गरिनेछ ।

१७. गाउँपालिका भित्रका 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक रूपमा टेवा पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१८. हिंसा पीडित महिलाहरूका लागि सुरक्षित आवास गृह स्थापनाको लागि पहल गरिनेछ ।

१९. गाउँपालिका र मातहतका वडा कार्यालयहरूमा स्तनपान कक्षको स्थापना गरिनेछ ।

२०. ६० वर्ष देखि ७० वर्ष उमेर समूहका गैह्रदलित एकल पुरूष र ५५ देखि ६० वर्ष उमेर समूहका दलित समुदायका एकल पुरुषहरू र ३५ वर्ष भन्दा माथिका कुनै पनि सामाजिक सुरक्षा भत्ता नपाउने अविवाहित, अदालतबाट सम्बन्ध विच्छेद भई अर्को विवाह नगरी छुट्टै बसेका एकल महिला लाई आर्थिक वर्ष २०७९।८० बाट दिइँदै आएको एकल पुरुष/एकलमहिला भत्तालाई निरन्तरता दिइनेछ ।

२१. आगामी आर्थिक वर्षमा गाउँपालिकालाई बाल विवाह मुक्त घोषणा गर्न आवश्यक प्रक्रिया पूरा गरिनेछ ।

## (ङ) स्थानीय भाषा, साहित्य र कला सँस्कृति

१. गाउँपालिकाभित्र प्रचलित स्थानीय भाषा, लोककला, लोकसँस्कृति, परम्परा, रीतिरिवाज, चालचलन तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र पुस्तान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२. लोपोन्मुख अवस्थामा रहेका स्थानीय भाषा, बोली, लोकभाका, उखान-टुक्का, लोककथा तथा मौखिक परम्पराको अभिलेखीकरण, दस्तावेजीकरण तथा प्रकाशन कार्यलाई प्राथमिकता दिइनेछ।

३. स्थानीय भाषा तथा सँस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि विद्यालयस्तरमा मातृभाषा तथा स्थानीय सँस्कृति सम्बन्धी सचेतनामूलक तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

४. स्थानीय देउडा, भैलो, झोरा, लोकनृत्य, लोकगीत तथा अन्य मौलिक साँस्कृतिक विधाको संरक्षण तथा प्रवर्द्धनका लागि साँस्कृतिक महोत्सव, प्रतियोगिता तथा प्रदर्शनी कार्यक्रम गर्नुका साथै गाउँपालिकाको स्थापना दिवसमा उक्त कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

५. गाउँपालिकाको कला, सँस्कृति, इतिहास तथा पुरातात्विक महत्वका स्थलहरूको पहिचान, संरक्षण, अभिलेखीकरण तथा प्रचारप्रसार गरिनेछ।

६. स्थानीय भाषा, कला तथा सँस्कृतिको अध्ययन, अनुसन्धान तथा प्रकाशन कार्यमा संलग्न व्यक्ति, संस्था तथा अनुसन्धानकर्ताहरूलाई आवश्यक प्रोत्साहन तथा सहयोग उपलब्ध गराइनेछ।

७. स्थानीय जात्रा विषु पर्व तथा अन्य मौलिक साँस्कृतिक पर्वहरूको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८. स्थानीय कलाकार, सँस्कृतिकर्मी, साहित्यकार तथा लोकप्रतिभाहरूको सम्मान, प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

९. स्थानीय भाषा, साहित्य, कला तथा सँस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि साँस्कृतिक संस्थाहरू, विद्यालयहरू तथा सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।

१०. परम्परागत सीप, हस्तकला, लोकवाद्य तथा साँस्कृतिक पहिचानसँग सम्बन्धित सामग्रीहरूको संरक्षण तथा व्यवसायीकरणका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।

११. स्थानीय भाषा तथा सँस्कृति सम्बन्धी डिजिटल अभिलेख निर्माण गरी भावी पुस्ताका लागि ज्ञान र सम्पदाको संरक्षण गरिनेछ।

१२. गाउँपालिकाभित्रका विभिन्न जातजाति, समुदाय तथा वर्गहरूको साँस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, सहिष्णुता तथा साँस्कृतिक एकताको प्रवर्द्धन गरिनेछ।

१३. स्थानीय भाषा, कला, साहित्य तथा सँस्कृतिको प्रवर्द्धनमा योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई वार्षिक रूपमा सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

१४. युवा पुस्तालाई स्थानीय सँस्कृति र परम्परासँग जोड्न विद्यालय तथा समुदायस्तरमा साँस्कृतिक प्रशिक्षण, लोकसंगीत तथा लोकनृत्य सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

१५. स्थानीय भाषा, कला तथा सँस्कृतिको संरक्षण र प्रवर्द्धनलाई पर्यटन, शिक्षा तथा आर्थिक विकाससँग आबद्ध गर्दै साँस्कृतिक पर्यटन प्रवर्द्धनका गरिनेछ।

१६. नौगाडको खस सभ्यता, लोकसँस्कृति, मौलिक परम्परा तथा सामाजिक इतिहासको अध्ययन, अनुसन्धान र प्रकाशनलाई प्रोत्साहन गरिनेछ।

## ३. भौतिक पूर्वाधार विकास सम्बन्धी नीतिहरूः

आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधार सम्बन्धी नीतिहरू यसप्रकार हुनेछन् ।

### (क) स्थानीय सडक, यातायात तथा पूल सम्बन्धी नीतिः

१. संघीय तथा प्रदेश सरकार, विकास साझेदार तथा अन्य सरोकारवाला निकायहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा खानेपानी, तटबन्ध, विद्यालय भवन, सार्वजनिक कार्यालय भवन तथा अन्य आवश्यक भौतिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

२. नौगाड नदी तथा अन्य जोखिमयुक्त क्षेत्रहरूमा तटबन्ध निर्माण तथा नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछन्।

३. विगतदेखि सञ्चालनमा रहेका ग्रामीण सडक, झोलुङ्गे पुल तथा पर्यटकीय पदमार्ग निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. घेरपर्खाल, रेलिङ, सडक, पुल, आर.सि.सि. पुल, पदमार्ग तथा पर्यटकीय पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

५. गाउँपालिकाका सबै वडा केन्द्र र दुर्गम वस्ति सम्म ग्रामीण सडक निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

६. होपरीगाड सिप्टी सडकको नौगाड नदीमा मोटरेबल पूल निर्माणका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

७. सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ साथै हरेक सडकलाई हरित सडकको रूपमा विकास गरिनेछ ।

८. विगतमा शुरू भएका ग्रामीण सडकको निर्माण कार्य अगाडि बढाउँदै थप दुर्गम बस्तीलाई सडक पहुँचमा जोड्न नयाँ सडक निमार्ण आयोजना सञ्चालन गरिनेछ ।

९. दल्लेख नागु सिना सडक र होपरी-सितोला सडकको काम अगाडि बढाउन संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

१०. प्रत्येक वडा केन्द्रबाट गाउँपालिका केन्द्र सम्म र हरेक टोल वस्तिबाट वडा केन्द्र सम्म जोडन स्तरीय सडक तथा बाटोघाटोको निर्माण गरिनेछ ।

११. हरेक बस्तीबाट विद्यालय, स्वास्थ्य संस्था, साँस्कृतिक केन्द्र आदि स्थानलाई जोडने बाटो निर्माण तथा मर्मत गरिनेछ ।

१२. होपरीगाड - सिप्टी सडकलाई स्तरोन्नती गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१३. वडा नं. १ इयरकोटलाई आगामी आ.व. २०८३।८४ भित्र सडक सञ्जालले जोडिनेछ।

१४. वर्षातको समयमा बन्द हुने कच्ची सडकहरूलाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

**(ख) जलस्रोत, सिँचाई तथा ऊर्जा सम्बन्धी नीतिः**

१. बेमौसमी तरकारी खेतीलाई थप प्रोत्साहित गरिनेछ र खेती योग्य जमिनका लागि थप नहर सिँचाई, मोटर लिफ्ट सिँचाइ तथा पाइप सिँचाइ गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२. गाउँपालिका भित्र सञ्चालित लघु जलविद्युत् आयोजनाहरूको दिगो व्यवस्थापन तथा सञ्चालन गर्न उपभोक्ता समितिलाई सक्रिय बनाई स्थानीय ग्रिड निर्माण गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्न आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।

३. वैकल्पिक ऊर्जा, सौर्य ऊर्जा, गोबरग्याँस, वायु ऊर्जा सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गरी गाउँपालिकालाई प्रदूषण मुक्त र विद्युत् चूलो प्रयोगमा जोड दिइनेछ ।

४. नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन सबै बस्तीमा पुऱ्याउन र छुट भएका भनिएका घरधुरीमा विद्युत सेवा पुऱ्याउन आवश्यक पहल गरिनेछ ।

५. गरिबीको रेखा मुनी रहेका एकल महिला, दलित, पिछडिएका समुदायका परिवार टुहुरा, अपाङ्ग असक्त घर परिवारलाई विद्युत् महसूलमा पूर्ण वा आंशिक छुटको व्यवस्था गरिनेछ।

६. संघीय, प्रदेश सरकार तथा जलवायु परिवर्चन स्थानीय अनुकूलन परियोजनाको सहयोगमा गाउँपालिका भित्र खेती योग्य जमिनको उत्पादनलाई वृद्धि गर्न सिँचाई योजना सञ्चालन गरिनेछ ।

**(ग) भवन तथा शहरी विकास सम्बन्धी नीतिः**

१. सुरक्षित, व्यवस्थित, वातावरणमैत्री तथा विपद् उत्थानशील बस्ती विकासलाई प्राथमिकता दिँदै भवन संहिता, भू-उपयोग नीति तथा निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२. गाउँपालिकाका प्रमुख बजार क्षेत्र, सेवा केन्द्र तथा बस्तीहरूमा सडक, ढल, सरसफाइ, सडक बत्ती, सार्वजनिक खुला क्षेत्र तथा अन्य आधारभूत शहरी पूर्वाधारको योजनाबद्ध विकास तथा स्तरोन्नति गरिनेछ।

३. सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था तथा सेवा केन्द्रहरूलाई अपाङ्गतामैत्री, पहुँचयुक्त, वातावरणमैत्री बनाउँदै सुरक्षित र गुणस्तरीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

४. गाउँपालिकाको दीर्घकालीन बस्ती तथा शहरी विकासका लागि एकीकृत बस्ती विकास योजना, भू-उपयोग योजना तथा गुरुयोजना तर्जुमा गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ।

५. जलवायु परिवर्तन, भूकम्प, बाढी तथा पहिरो लगायतका विपद्का जोखिमलाई न्यूनीकरण गर्न सुरक्षित आवास, विपद् प्रतिरोधी भवन तथा हरित पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**(घ) सूचना प्रविधि तथा संचार सम्बन्धी नीतिः**

१. नेपाल टेलिकम र अन्य सेवा प्रदायकसँगको सम्वन्य सञ्चार सेवाबाट वञ्चित रहेका नौगाड गाउँपालिकाको टोल वस्तिहरूमा संचार सेवा विस्तार गर्दै आगामी वर्ष भित्र सम्पूर्ण कार्यालय तथा सामुदायिक विद्यालयहरूमा गुणस्तरीय टेलिफोन, इन्टरनेट सेवा चौबीसै घण्टा उपलब्ध गराउन आवश्यक उपकरण खरीद तथा पूर्वाधार निर्माण गर्न नेपाल दूरसञ्चार प्राधिकरण अन्तर्गत रहेको ग्रामीण दूरसञ्चार कोष, लगायत अन्य सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२. गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय अवस्थालाई समेट्ने गरी सूचना तथा सञ्चार प्रविधिमा आधारित एकीकृत स्थानीय तह वस्तुस्थिति विवरण (Integrated Municipal Profile) तयार गरी योजना तर्जुमा तथा निर्णय प्रक्रियामा उपयोग गरिनेछ।

३. सेवा प्रवाह, सुशासन, पारदर्शिता तथा नागरिक सहभागिता अभिवृद्धि गर्न सूचना तथा सञ्चार प्रविधिमैत्री स्थानीय तह निर्माणमा विशेष जोड दिइनेछ।

४. सूचना प्रविधिको अधिकतम उपयोगमार्फत गाउँपालिकालाई प्रविधिमैत्री, स्मार्ट तथा नागरिकमैत्री स्थानीय सरकारका रूपमा विकास गर्न आवश्यक डिजिटल पूर्वाधार, नेटवर्क प्रणाली तथा सूचना व्यवस्थापन संरचनाको विकास र विस्तार गरिनेछ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

**(क) फोहोर व्यवस्थापन तथा प्रदूषण नियन्त्रणः**

१. वन, जलाधार, खोला तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोगका लागि समुदायमा आधारित वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२. प्रत्येक घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोस्ट मल बनाई स्व-व्यवस्थापन गर्न अभिप्रेरित गरिनेछ।

३. वातावरणमा नकारात्मक असर पार्ने खालका प्लास्टिक जन्य सामानहरूको प्रयोगलाई न्यूनीकरण गरिनेछ ।

४. गाउँपालिका भरी हरेक टोल वस्तिहरूमा फोहोर विसर्जन तथा व्यवस्थापन गर्न उचित संयन्त्र निर्माण र फोहोर गर्नेले व्यवस्थापन गर्नु पर्ने नीति लागु गरिनेछ ।

५. हरेक घरपरिवारमा शौचालय र स्नान घरको निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

६. एक घर एक कुहिने खाडल र फोहोर जलाउने इन्सिनेरेटरको निर्माण गरिनेछ ।

७. गाउँपालिका र अन्तर्गतका कार्यालयहरूलाई प्लाष्टिकजन्य वस्तु निषेधित क्षेत्र घोषणा गरिनेछ ।

**(ख) वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनः**

१. गाउँपालिका क्षेत्रभित्र वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा खुला क्षेत्र संरक्षण अभियान सञ्चालन गरी वातावरणीय सन्तुलन कायम गरिनेछ।

२. वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विकास निर्माण कार्यलाई वातावरणमैत्री बनाइनेछ।

३. **"हरियो वन संरक्षण र स्याहार, समृद्धिको एक आधार"** भन्ने नारालाई साकार पार्न वृक्षारोपण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

४. गाउँपालिका भरी छरिएर रहेका सामुदायिक वनलाई संरक्षण र सम्वर्द्धन गरी **"हरियाली नौगाड"** को आकाङ्क्षालाई साकार पार्न हरेक वर्ष असार महिनामा वृक्षारोपण सप्ताह आयोजना गरिनेछ ।

५. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपभोग सम्बन्धी आफ्नो वार्षिक कार्यक्रम बनाई स्थानीय तहबाट स्वीकृत गराउने र वन पैदावार बिक्री बाफत्को १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

**(ग) जलवायु परिवर्तन स्थानीय अनुकूलनः**

१. विद्यालय परिसरमा वृक्षारोपण, फोहोरमैला व्यवस्थापन, पानी तथा सरसफाइ व्यवस्थापन, ऊर्जा दक्ष प्रविधिको प्रयोग, हरित सिकाइ केन्द्र तथा इको—क्लबको स्थापना र परिचालनमार्फत हरित विद्यालय अभियान सञ्चालन गरिनेछ।

२. विद्यालयको शिक्षण—सिकाइ प्रक्रिया, अतिरिक्त क्रियाकलाप तथा इको-क्लबमार्फत जलवायु परिवर्तन, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम विद्यालय तथा समुदाय स्तरमा सञ्चालन गरिनेछ।

३. वातावरण तथा जलवायुमैत्री प्रविधियुक्त पूर्वाधारको विकासमा जोड दिइनेछ । वन क्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रूपले महत्वपूर्ण वनस्पति तथा जडीबुटीको संरक्षण, सम्बर्द्धन र प्रशोधनमा सामुदायिक वन उपभोक्ता महासँग नेपाल लगायतका निजी तथा सामुदायिक संस्थालाई सहभागी बनाइनेछ।

४. पहिरो नियन्त्रण, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै LACCP (लक) समन्वय गरिनेछ ।

५. गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि सञ्चालित आकस्मिक कार्य सञ्चालन तथा पूर्व सूचना प्रणाली स्थापनाका लागि सम्बन्धित निकाय तथा संघ-संस्थासँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ। साथै, छिमेकी पालिकाहरू सँग समन्वय र साझेदारी क्रियाकलापहरू पनि सञ्चालन गरिनेछन्।

६. गाउँपालिकाको पहिरो जोखिम क्षेत्रहरूमा बायो-इन्जिनियरिङ्ग प्रविधि र वृक्षारोपण सहित जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

७. गाउँपालिका भित्रका सडकहरूका छेउछाउमा माटो अड्याउने, आयआर्जन र बहुउद्देश्यीय बिरूवा वृक्षारोपण गर्न विभिन्न संघ-संस्था/ निकायहरूको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

८. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) मार्फत सामुदायिक, कबुलियती वन तथा निजी जग्गामा आम्दानी हुने खालका जडीबुटीजन्य, बास्नादार तथा अन्य फलफूलका बिरुवाहरू वृक्षारोपण तथा पूर्वाधार निर्माण गरि स्थानीय जनताको आम्दानी वृद्धि सहित रोजगारी सिर्जना गरिने नीति लिइनेछ ।

९. गाउँपालिकाका विभिन्न क्षेत्रमा वृक्षारोपणका लागि आवश्यक बिरूवा उत्पादन गर्न बहुउद्देश्यीय नर्सरी स्थापना गरिनेछ।

१०. सामुदायिक तथा कबुलियती वनको कार्ययोजना नवीकरण गरी, सो वनमा संरक्षण, संवर्द्धन तथा सदुपयोग सम्बन्धी क्रियाकलापहरू साझेदार संस्थासँगको सहकार्यमा सञ्चालन गरिनेछ।

११. जैविक विविधता संरक्षण तथा पारस्थितिक प्रणाली सुधारका निमित्त सामुदायिक तथा अन्य वन क्षेत्रहरूमा विविध संरक्षण क्रियाकलापहरू सञ्चालन गरिने छन् ।

१२. गैर-काष्ठ वन पैदावारहरूको दिगो संकलन, प्रशोधन तथा वितरणका लागि कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

१३. चरिचरन नियन्त्रण तथा प्राकृतिक पुनः उत्पादन र संरक्षणका निमित्त आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछन्

१४. जलस्रोत, वन सम्पदा, खनिज पदार्थ लगायत प्राकृतिक स्रोतहरूको उपयोग गर्दा वातावरणीय प्रतिकूलता नहुने गरी गरिनेछ ।

१५. अपिनाम्पा संरक्षण क्षेत्र तथा सामुदायिक वन उपभोक्ता समितिहरूसँग सहकार्य गरी वन विनाश कार्यको रोकथाम गरिनेछ ।

१६. वनमा आगो लाग्ने घटना तथा भीर पाखामा फैलिने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदूषण न्यूनीकरण गर्न सूचना, शिक्षा तथा सञ्चार सामग्री विकास गरिनुका साथै सम्बन्धित सरोकारवालासँगको समन्वयमा वन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

**(घ) विपद् व्यवस्थापनः**

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँपालिकाको विपद् प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। साथै बाढी, पहिरो तथा नदी कटानबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जोखिमयुक्त क्षेत्रहरूमा तटबन्ध, संरक्षण पर्खाल तथा अन्य आवश्यक संरचनाहरू निर्माण गरी बस्ती, कृषि भूमि तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ।

२. विद्यालय भवन, खानेपानी, शौचालय तथा अन्य भौतिक संरचनाहरूलाई भूकम्प, बाढी, पहिरो, आगलागि लगायत बहु-प्रकोपबाट सुरक्षित तथा जलवायु अनुकूलनमैत्री हुने गरी निर्माण, मर्मत, पुनःनिर्माण तथा स्तरोन्नति गरिनेछ।

३. भू-क्षयको उच्च जोखिममा रहेका विभिन्न स्थानहरूमा जोखिम आँकलन गरी भू-क्षय तथा बाढी पहिरो नियन्त्रण गर्न बाँस, निगालो, अम्रिसो, भेटिभर जस्ता बिरुवा रोपण गरी जैविक पद्धति मार्फत जोखिम न्यूनिकरण गर्दै लगिनेछ ।

४. वन क्षेत्र, जलक्षेत्र क्षेत्रलाई संरक्षण गर्न विशेष किसिमको कार्यक्रमहरू तर्जुमा लगायत प्राकृतिक एवम् मानवीय सङ्कट र प्रकोपबाट पूर्व सुरक्षा व्यवस्थापन र राहतलाई वैज्ञानिक रूपमा सञ्चालन गर्न संरचनागत व्यवस्था गरिनेछ ।

५. विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्धार, पुनःस्थापना र उत्थानशीलता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछन्।

६. अविरल वर्षा, बाढी, पहिरो, खडेरी, आगलागि, भूकम्प लगायतका प्राकृतिक, तथा मानवजन्य प्रकोपको तत्काल सम्बोधन गर्न सक्ने गरी विपद् पूर्व तयारी, पूर्व सूचना, प्रतिकार्य, पुनः निर्माण र पुनः स्थापना कार्यक्रमलाई सुदृढ बनाइनेछ र राहत वितरणमा एकद्वार प्रणाली अपनाइनेछ।

७. प्राकृतिक तथा मानवजन्य विपद् घटनामा परेका प्रभावितलाई आकस्मिक तथा आपत्कालीन हवाई उद्धार सेवा सञ्चालनका लागि प्रत्येक वडामा एउटा हेलीप्याड निर्माण गर्न **"एक वडा, एक हेलिप्याड"** कार्यक्रम सञ्चालन गरिनेछ ।

८. नौगाड नदीमा बाढी तथा मनसुन पूर्व सूचना प्रणाली (Early Warning System- EWS) स्थापना गरी नागरिकहरूलाई बाढीको जोखिमबाट बच्न पूर्व तयारीका लागि सक्षम बनाइनेछ ।

९. विगतमा विपद् प्रभावित भई लाभग्राही सूचीमा रहेका परिवारलाई पुनर्निर्माण र पुनः स्थापना कार्यलाई सम्पन्न गरिनेछ ।

## ५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र सम्बन्धी नीतिः

### (क) संस्थागत विकास तथा सुशासनः

१. स्थानीय प्रशासनलाई पारदर्शी, जवाफदेही, सहभागितामूलक तथा प्रविधिमैत्री बनाउँदै सुशासन कायम गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री सेवा बनाइनेछ।

१. गाउँपालिकाको स्थापना कालदेखि हालसम्म कायम बेरुजुको सम्परीक्षण तथा फछ्र्यौट गर्न आवश्यक कानुनी, प्रशासनिक तथा प्राविधिक प्रक्रिया अवलम्बन गरिनेछ।

२. स्थानीय शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण तथा स्थानीय को प्रभावकारी कार्यान्वयनका लागि गाउँ प्रहरी ऐन तर्जुमा गरी गाउँ प्रहरी गठन तथा परिचालन गरिनेछ।

३. गाउँपालिकाको सेवा प्रवाहलाई थप पारदर्शी, जवाफदेही, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाउन संस्थागत क्षमता अभिवृद्धि तथा सुशासन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन्।

४. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाइनेछ।

५. सुरक्षित, हरित तथा जलवायु उत्थानशील विद्यालय निर्माणका लागि अभिभावक, समुदाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक, युवा समूह, संघ, प्रदेश तथा विकास साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून को प्रभावकारी कार्यान्वयन मार्फत सुशासन प्रवर्द्धन गरिनेछ।

७. गाउँपालिकाको प्रशासनिक तथा संगठनात्मक संरचनालाई थप सुदृढ बनाउँदै जनशक्ति व्यवस्थापन, क्षमता विकास तथा कार्यसम्पादन सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

८. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार गर्दै ई-गभर्नेन्स, डिजिटल अभिलेखीकरण तथा विद्युतीय सेवा प्रणालीलाई प्रोत्साहन गरिनेछ।

९. योजना, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गरी सहभागितामूलक विकास पद्धतिलाई संस्थागत गरिनेछ।

१०. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा नागरिक वडापत्रलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

११. गाउँपालिकाका सबै शाखा तथा वडा कार्यालयहरूमा अभिलेख व्यवस्थापन प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ।

१२. बेरुजु फछ्र्यौट, वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ।

१३. गाउँपालिका तथा वडा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि तालिम, अभिमुखीकरण तथा अध्ययन अवलोकन कार्यक्रम सञ्चालन गरिनेछ।

१४. सेवा प्रवाहको गुणस्तर सुधारका लागि नियमित अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

१५. गुनासो व्यवस्थापन प्रणालीलाई सुदृढ गरी नागरिकका समस्या तथा सुझावहरूको समयमै सम्बोधन गरिनेछ।

१६. गाउँपालिकाका नीति, योजना, बजेट, निर्णय तथा सार्वजनिक सरोकारका विषयहरूलाई नियमित रूपमा सार्वजनिक गरी पारदर्शिता अभिवृद्धि गरिनेछ।

१७. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी स्थानीय स्तरमा विवाद समाधान तथा न्याय सम्पादन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१८. गाउँपालिकाको राजस्व प्रशासनलाई सुदृढ बनाउँदै आन्तरिक आय वृद्धि तथा कर प्रशासनलाई व्यवस्थित गरिनेछ।

१९. स्थानीय तथ्याङ्क प्रणाली तथा डिजिटल प्रोफाइल अद्यावधिक गरी प्रमाणमा आधारित योजना निर्माण तथा निर्णय प्रक्रियालाई प्रोत्साहन गरिनेछ।

२०. अन्तरपालिका, संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।

२१. गाउँपालिकाका सम्पत्ति, सवारी साधन तथा सार्वजनिक संरचनाहरूको अभिलेख व्यवस्थापन र संरक्षणलाई व्यवस्थित गरिनेछ।

२२. गाउँपालिकालाई "सक्षम, उत्तरदायी, पारदर्शी र प्रविधिमैत्री स्थानीय सरकार" का रूपमा विकास गरिनेछ।

२३. सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा सूचना प्रविधि जडान गरिनेछ ।

२४. हरेक सेवा प्रदायक कार्यालय र विद्यालयहरूमा गुनासो सुनुवाइ गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । साथै गुनासो सुनुवाइ तथा व्यवस्थापन कार्यविधिलाई कार्यान्वयनमा ल्याई गुनासो राख्न सञ्चालनमा आएको निःशुल्क टोल फ्री नम्बरको प्रयोगलाई व्यवस्थित गरिनेछ ।

२५. आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी उपभोक्ता समिति र श्रम सहकारीहरूको पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. सुदूरपश्चिम प्रदेश सरकारको स्थानीय सेवा ऐन र नियमावलीलाई कार्यान्वयन गर्न O & M स्वीकृत गराई कार्यान्वयन गराइनेछ ।

२७. गाउँपालिकाको कार्य सञ्चालन र व्यवस्थापन गर्दा संघ, प्रदेश र अन्य स्थानीय तहहरू बीच समन्वयात्मक सम्बन्धको विकास गरिनेछ ।

२८. सार्वजनिक निकायहरूले बैंकिङ कारोबार गर्दा गाउँपालिकामा स्थापित बैंकको शाखाबाट गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

२९. कुनै पनि व्यक्ति वा समूह वा संस्थालाई जिम्मेवारी दिँदा पूर्व कार्यको समीक्षा गरेर मात्र दिइनेछ ।

३०. गाउँपालिकाबाट आयोजना हुने हरेक क्रियाकलाप र खरीद प्रक्रियामा मितव्ययिता अपनाउँदै सम्पूर्ण खरिद प्रक्रियालाई विद्युतीय प्रणालीबाट खुल्ला प्रतिस्पर्धाद्वारा र भौतिक निर्माणका लागि ठेक्का विद्युतीय खरिद व्यवस्थापन प्रणालीबाट गरिनेछ ।साथै वार्षिक खरिद योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३१. विकास निर्माण लगायतका सार्वजनिक सरोकार तथा महत्वका सम्पूर्ण कार्यहरूमा सुशासन, पारदर्शिता तथा जवाफदेहीता प्रवर्द्धन गर्न सबै खालका अनियमितता तथा भ्रष्टाचारजन्य क्रियाकलापहरू माथि नियमन तथा नियन्त्रण गरिनेछ ।

३२. सार्वजनिक प्रशासनलाई जनमुखी, प्रभावकारी, छिटोछरितो, स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त तथा जनउत्तरदायी बनाइनेछ।

३३. DIGITAL NAUGAD FRAMEWORK को प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक सेवालाई सरल, सहज, सुलभ र पारदर्शी बनाइनेछ । आगामी आर्थिक वर्ष देखि गाउँपालिका मातहतका सबै कार्यालयहरूमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गरी कागजको प्रयोग क्रमशः कम गर्दै लगिनेछ ।

३४. आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै महालेखा परीक्षकको सुझाव कार्यान्वयन गरी बेरूजूलाई शून्यमा पुऱ्याइनेछ ।

३५. गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूलाई चैत्र मसान्त भित्र सम्पन्न गर्न व्यवस्था मिलाइनेछ ।

३६. ग्रामीण समाजमा हुने विकृति, विसङ्गति, तथा अपराधिक गतिविधिलाई नियन्त्रण गरी शान्ति सुरक्षा र अमनचैन कायम गर्न गाउँपालिका भित्र रहेका प्रहरी चौकी र अस्थायी प्रहरी पोष्टलाई सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्यमा थप व्यवस्थित बनाइनेछ ।

३७. जनसरोकारका हरेक विषयमा सुझाव, सल्लाह र समन्वयात्मक विधिबाट अगाडि बढ्न सर्वदलीय संयन्त्रको अवधारणालाई आत्मसाथ गरिनेछ ।

३८. नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, नीति, मापदण्ड, निर्देशिका र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३९. वडा स्तरमा राष्ट्रिय पञ्जीकरण विभागको विधि र पद्धति अनुसार घटना दर्ता सप्ताह सञ्चालन गरिनेछ ।

४०. सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरूस्त गर्न गाउँपालिका मातहतका कार्यालय, सामुदायिक विद्यालयहरूमा अनलाइन विद्युतीय हाजिरी प्रणाली लागु  गर्दै लगिनेछ।

४१. जनप्रतिनिधि तथा अन्य कर्मचारीहरूको कार्यदक्षता बढाउन आवश्यक प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

४२. सामाजिक सुरक्षा भत्ता परिचय पत्र प्राप्ति र नवीकरणका लागि बायोमेट्रिक प्रणाली स्थापनाका लागि आवश्यक सूचना प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याइनेछ

४३. प्रथम एकीकृत आवधिक विकास योजना बमोजिम आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचना निर्माण गरी क्षेत्रगत प्राथमिकताको आधारमा योजना कार्यान्वयन गरिनेछ।

४४. गाउँपालिकाबाट हुने सम्पूर्ण भुक्तानी तथा निकासालाई विद्युतीय कोष स्थानान्तरण प्रणाली (EFT) मार्फत गर्ने व्यवस्था थप प्रभावकारी बनाइनेछ ।

४५. गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने दलित बालबालिका र ९० वर्ष माथिका जेष्ठ नागरिक बाहेकका लाभग्राहीहरूलाई राष्ट्रिय परिचयपत्र अनिवार्य गराई राष्ट्रिय परिचयपत्र र सामाजिक सुरक्षा प्रणालीमा Biometric Verification गरी नयाँ दर्ता तथा नवीरकण गर्ने व्यवस्था मिलाइनेछ ।

४६. हरेक वडाका जनप्रतिनिधि, स्थानीय तहका अन्य कर्मचारी र पदाधिकारी तथा अन्य सरोकारवालाहरूलाई सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सम्बन्धी अभिमुखीकरण गरिनुका साथै वडा कार्यालयमा कार्यरत पञ्जिकाधिकारी तथा अनलाइन घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) मा काम गर्ने कर्मचारीहरूलाई सिस्टम तथा Biometric Verification सम्बन्धी तालिम प्रदान गरिनेछ ।

४७. सामाजिक सुरक्षा भत्ता रकमको उपलब्धता, आवश्यकता, प्रयोग, लाभग्राही स्वयम्ले उपभोग गर्न पाए नपाएको अनुगमन तथा लाभग्राहीहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ख) राजस्व परिचालन तथा वित्तीय व्यवस्थापनः**

१. दिगो र भरपर्दो आयका स्रोतहरू मार्फत राजस्व सङ्कलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्द्धन सम्भव छैन । गाउँपालिकामा राजस्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गर्न कर तिर्नु सम्मानको विषय भएको सँस्कारको वृद्धि गर्न **"कर तिर्न उत्साहित होऔं, समृद्ध गाउँपालिका निर्माणमा सहभागी बनौं"** भन्ने नारा अङ्गीकार गरिनेछ । जसका लागि अधिकतम कर दाखिला गर्ने वा कर छलि नगर्ने व्यक्तिलाई सार्वजनिक रूपमा सम्मान गर्ने गरिनेछ । साथै स्थानीय सरकारले लगाउँदै आएका सेवा शुल्क र दस्तुरको दरमा समय सान्दर्भिक परिमार्जन र दायरा बिस्तार गरिनेछ ।

२. स्थानीय समुदाय एवम् स्थानीय प्रशासन, सुरक्षा निकायसँगको सहकार्यमा बजार अनुगमनलाई तीव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गरिनेछ।

३. अर्थतन्त्रमा देखा परेका चुनौतीलाई सामना गर्न गाउँपालिकाले पुँजिगत खर्चमा वृद्धि गर्दै चालू खर्च तर्फको चापलाई न्यूनिकरण गर्दै मितव्ययिता कायम गरिनेछ ।

४. मदिराजन्य व्यवसायमा लाग्दै आएको व्यावसायिक कर वृद्धि गरिनेछ । साथै मदिराजन्य पदार्थको अनधिकृत बिक्री वितरण रोक लगाइनेछ ।

५. ढुङ्गा, गिट्टी र बालुवा उत्खननलाई व्यवस्थित गर्ने र करको दायरा भित्र ल्याउन आवश्यक प्रक्रिया थालनी गरिनेछ ।

६. राजस्व सुधार कार्य योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**(ग) सार्वजनिक सम्पत्ति व्यवस्थापन**

१. गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा जमिन, भवन, सवारी साधन, फर्निचर, मेसिन औजार लगायतका सबै भौतिक सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेखीकरण गरी व्यवस्थित गरिनेछ । साथै सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाको स्वामित्व वा उपयोगमा रहेका भवन तथा जग्गा र गाउँपालिकाले निर्माण गरेका सार्वजनिक पूर्वाधार एवम् गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति समेत यस प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतबाट आर्जन गर्न सकिने राजस्व सम्भावनाको समेत अध्ययन गरी उपयोगमा ल्याउने र यी सम्पत्तिहरूलाई क्रमशः सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

**(घ) सार्वजनिक लगानी व्यवस्थापनः**

१. गाउँपालिकाबाट गरिने सार्वजनिक लगानीलाई वित्तीय अनुशासन, विनियोजन कुशलता र खर्चमा दक्षता अभिवृद्धि गरी नतिजामूखी बनाउन विद्यमान योजना प्रणाली सुधारमा विशेष जोड दिइनेछ ।

२. नतिजामूखी सार्वजनिक लगानीको सुनिश्चितताका लागि आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय दृष्टिले कार्यान्वयनयोग्य आयोजना पहिचान, छनौट र प्राथमिकीकरण गर्ने आयोजना बैङ्क पद्धतिको कार्यान्वयन मार्फत आयोजना छनौट प्रणालीलाई नियमबद्ध र तथ्यमा आधारित बनाई पुँजीगत लगानीमा विनियोजन दक्षता अभिवृद्धि गर्न र प्रतिफल सुनिश्चित गर्न जोड दिइनेछ ।

३. लैङ्गिक तथा जलवायु मैत्री मध्यमकालीन खर्च संरचना मार्फत आवधिक योजना वा रणनीतिक वा गुरूयोजनालाई वार्षिक बजेटसँग आबद्ध गरी उपलब्ध स्रोत साधनलाई योजनाले निर्धारण गरेका प्राथमिकता अनुरूप परिचालन गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।

४. गाउँपालिकाको उपलब्ध स्रोतलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक लगायत सिमान्तकृत समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणमा केन्द्रित गर्नका लागि बजेटको कम्तीमा १० प्रतिशत रकम त्यस्ता समुदायलाई प्रत्यक्ष लाभ हुने कार्यक्रमको निमित्त विनियोजन गरिनेछ।

**(ङ) सम्पत्ति कर प्रणालीमा सुधारः**

१. जग्गाको मूल्याङ्कन प्रणाली वस्तुनिष्ठ एवम् तथ्यमा आधारित नभएको कारण गाउँपालिकाले लगाउँदै आएको भूमिकर (मालपोत) राजस्व सङ्कलनमा न्यूनता आउनुका साथै करदाता मैत्री समेत हुन नसकेको हुँदा आगामी वर्षदेखि जग्गाको न्यूनतम मूल्याङ्कनलाई आधारयोग्य, विश्वसनीय र बजार मूल्यको निकटवर्ती बनाउन मूल्याङ्कनका वस्तुगत आधार र सूचकहरू पहिचान गरी सोही आधारमा जग्गाको न्यूनतम मूल्याङ्कन गर्ने विधि अवलम्बन गरिनेछ ।

२. घर करको सट्टामा सम्पत्ति कर लगाउने व्यवस्था मिलाई, हाललाई निजी स्वामित्वका भवन तथा संरचनाहरूमा मात्र यस्तो कर लगाउने व्यवस्था मिलाइनेछ ।

**गाउँसभाका सदस्यहरू,**

अन्त्यमा, सीमित स्रोत साधन, दुर्गम भौगोलिक अवस्था, समय समयमा आउने बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का चुनौतीहरूका बीच पनि «समृद्ध नौगाड, सुखी नौगाडबासी» भन्ने हाम्रो दीर्घकालीन दूरदृष्टिलाई साकार पार्ने अभियानमा नौगाड गाउँपालिका दृढतापूर्वक अघि बढिरहने प्रतिबद्धता व्यक्त गर्दछु। आम नागरिकका समृद्धिका चाहना पूरा गर्दै स्थानीय सरकार र जनताबीचको विश्वास, सहकार्य र आत्मीय सम्बन्धलाई अझ सुदृढ बनाउने हाम्रो संकल्प अविचलित रहनेछ।

आधुनिक प्रविधि, सुशासन, नवप्रवर्तन र हाम्रो मौलिक पहिचानको समुचित समिश्रणमार्फत नौगाडका नागरिकलाई सभ्य, स्वस्थ, शिक्षित, अनुशासित, सुरक्षित, आत्मनिर्भर र समृद्ध बनाउने दिशामा गाउँपालिकाका सम्पूर्ण प्रयासहरू केन्द्रित रहनेछन्। जनताले हामीलाई प्रदान गर्नुभएको विश्वास, जिम्मेवारी र अवसरलाई उच्चतम इमान्दारिता, पारदर्शिता र उत्तरदायित्वका साथ सदुपयोग गर्दै स्वच्छ, निष्पक्ष, न्यायपूर्ण, जनमुखी र परिणाममुखी स्थानीय शासनको प्रत्याभूति दिलाउने प्रतिबद्धता व्यक्त गर्दछु।

साथै, गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेका सम्पूर्ण नीति तथा कार्यक्रमहरू उपलब्ध स्रोत, साधन र बजेटको सीमाभित्र रहेर चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछन्। स्रोत अभावका कारण सबै कार्यक्रमहरू एकैपटक कार्यान्वयन गर्न कठिनाइ हुन सक्ने यथार्थलाई आत्मसात गर्दै विकासका साझा लक्ष्यहरू प्राप्त गर्न संघीय सरकार, सुदूरपश्चिम प्रदेश सरकार, विकास साझेदार संस्था, निजी क्षेत्र, दातृ निकाय, राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, सञ्चारकर्मी, बुद्धिजीवी, समाजसेवी, नागरिक समाज तथा सम्पूर्ण नौगाडबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक सहयोग, सहकार्य र रचनात्मक सहभागिताका लागि विनम्र अनुरोध गर्दछु।

अन्ततः, यहाँहरू सबैको साथ, सहयोग र विश्वासबाट नै समृद्ध, आत्मनिर्भर र गौरवशाली नौगाड निर्माणको हाम्रो अभियान सफल हुनेछ भन्ने पूर्ण विश्वासका साथ प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयनका लागि सबै पक्षबाट सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गर्दछु। धन्यवाद !

२०८३ असार ८ गते

**(दलजीत सिंह धामी)**
**अध्यक्ष**
**नौगाड गाउँपालिका, दार्चुला**